# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक १७६ | काठमाडौं | शनिबार, ०३ कात्तिक २०८१ | Prabhab National Daily | Saturday, October 19, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–



**निमोनियाबाट बचौं र बचाऔं**

फोक्सोमा हुने निमोनिया संक्रमणका लक्षणहरू:

- ज्वरो आउने, खोकी लाग्ने,
- स्वासप्रश्वासको गति बढ्ने, स्वास फेर्न गाहो हुने,
- स–साना बालबालिकालाई आमाको दुध चुस्न गाह्रो हुने,
- शरिर निलो हुने,

यसबाट बढिमात्रामा बालबालिका प्रभावित हुने हुँदा, त्यस्ता लक्षण देखिएमा तुरुन्त अस्पताल वा चिकित्सकसँग परामर्श गरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**


# टुंगो छैन कांग्रेस महाधिवेशनको तर आकांक्षीहरूले थाले प्रचार

- 'एक पटक, यसै पटक' नाराका साथ १४औं महाधिवेशनमा कांग्रेसको सभापतिका प्रत्यासी बनेका थिए डा. शेखर कोइरालाले आउँदो महाधिवेशनमा आफू सोही पदमा उठ्ने कुरामा 'कन्फ्युजन'मा नपर्न आग्रह
- यसअघि गत असोज ७ गते सभापतिका तीन आकांक्षी डा. शशांक कोइराला, प्रकाशमान सिंह र विमलेन्द्र निधिबीच महाधिवेशनको रणनीति तय गर्न बैठक बसेको थियो
- महामन्त्री गगन थापा पनि आउँदो महाधिवेशनमा सभापतिमा उठ्ने तयारीमा छन्

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** विधान मान्ने हो भने अबको एक वर्षपछि नेपाली कांग्रेसका महाधिवेशन हुनुपर्छ । यसका लागि अब महाधिवेशन कार्यतालिका बन्नुपर्ने हो । तर, कांग्रेस केन्द्रीय समितिलाई महाधिवेशनको कुनै चासो देखिन्न । तर, सभापतिका केही आकांक्षी अहिलेबाटै प्रचारमा लागेका छन् ।

'एक पटक, यसै पटक' नाराका साथ १४औं महाधिवेशनमा कांग्रेसको सभापतिका प्रत्यासी बनेका थिए, डा. शेखर कोइराला । तर, २०७८ मंसिर २९ गतेको नतिजा उनको पक्षमा आएन । १३औं महाधिवेशनमा पहिलोपटक सभापति बनेका शेरबहादुर देउवाले पार्टी करिबकरिब कब्जामा लिइसकेको थियो ।

१४औं महाधिवेशनमा देउवा पुनःनिर्वाचित भए । त्यतिबेला कूल महाधिवेशन प्रतिनिधि चार हजार ७४३ मध्ये चार हजार ६२३ ले मत खसालेकोमा दुई हजार ७३३ देउवाले र एक हजार ८५५ मत शेखरले पाएका थिए । पहिलो चरणमा कुनै उम्मेदवारले ५१ प्रतिशत मत पाउन नसकेपछि सभापतिका उम्मेदवार बनेका विमलेन्द्र निधि र प्रकाशमान सिंहले दोस्रो चरणमा देउवालाई सघाउँदा शेखरले नाराअनुसार जित हात पार्न सकेनन् । त्यतिबेला शेखर समूहबाट महामन्त्रीका उम्मेदवार थिए, डा. मिनेन्द्र रिजाल र गगन थापा । गगन महामन्त्रीमा निर्वाचित भए भने मिनेन्द्र पराजित ।

(क्रमशः पृष्ठ २ मा)



विराटनगरस्थित कोइरालानिवासमा मधेस प्रदेशका नेताहरूसँग भेटघाट गर्ने क्रममा डा. शेखर कोइराला । *तस्बिर: रासस*

## लिगेसी बोकेका तीन नेताको भेट



असोज ७ गते पूर्वमहामन्त्री शशांक कोइराला निवास महाराजगञ्जमा भएको भेटमा कोइराला, विमलेन्द्र निधि र प्रकाशमान सिंह ।

असोज ७ गते लिगेसी बोकेका भनिएका तीन नेताको भेट पूर्वमहामन्त्री शशांक कोइराला निवास महाराजगञ्जमा भएको थियो । शशांकको निमन्त्रणमा विमलेन्द्र निधि र प्रकाशमान सिंहबीच महाधिवेशनको रणनीतिबारे छलफल भएको बताइएको छ ।

शशांक बिपीका छोरा हुन्, विमलेन्द्र महेन्द्रनारायण र प्रकाशमान गणेशमानका छोरा । प्रकाशमान अहिले पार्टीको नेतृत्व गरेर केपी ओली नेतृत्वको सरकारमा उपप्रधान तथा सहरी विकासमन्त्री छन् । तीन नेता १५औं महाधिवेशनमा एक भएर अघि बढ्ने विषयमा एकमत देखिन्छन् ।

(क्रमशः पृष्ठ २ मा)

सहकारी ठगी प्रकरण

# रास्वपा सभापति लामिछाने पक्राउ

## सहकारी ठगीसँगै संगठित अपराधमा अनुसन्धान हुने

- संसदीय समितिको प्रतिवेदन सार्वजनिक भएको झण्डै एक महिनापछि रवि लामिछाने पक्राउ
- ठगी र संगठित अपराधमा अनुसन्धान गरिने, सम्पत्ति शुद्धीकरण मुद्दा पनि आकर्षित हुने
- पोखराको सूर्यदर्शन सहकारीको बचत अपचलनमा रविको संलग्नताबारे अनुसन्धान हुने
- पार्टी कार्यालय वनस्थलीबाट पक्राउ गरिएका लामिछानेलाई सडकमार्गमार्फत पोखरा लगियो

■ **जेबी योञ्जन**

**काठमाडौं–** संसदीय समितिले सहकारीको बचत अपचलनमा दोषी ठहऱ्याउँदै कारबाही गर्न सिफारिस गरेको झण्डै एक महिनापछि राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति एवं पूर्वगृहमन्त्री रवि लामिछाने पक्राउ परेका छन् । पार्टी केन्द्रीय कार्यालय वनस्थलीबाट पक्राउ गरेर उनलाई अनुसन्धानका लागि कास्कीको पोखरा लगिएको छ ।

सूर्यदर्शन सहकारीको बचत अपचलनमा उनीसमेतको संलग्नता रहेको सूर्यबहादुर थापा नेतृत्वको संसदीय समितिले ठहर गरेपछि सरकारले उक्त प्रतिवेदन कार्यान्वयन गर्ने निर्णय गरेको थियो । मातहतका निकायलाई गृह मन्त्रालयले निर्देशन पनि दिएको थियो । अन्ततः कास्की जिल्ला अदालतबाट प्रहरीले शुक्रबार पक्राउ अनुमति लिएको थियो । लगत्तै प्रहरीले काठमाडौंस्थित रास्वपा पार्टी कार्यालयबाट उनलाई पक्राउ गरेको हो ।

पक्राउ गर्न पार्टी कार्यालयमा पुगेका प्रहरीलाई गिरफ्तारी दिनुअघि रविले कार्यकर्तालाई सम्बोधन गरेका थिए । उनी पक्राउ पर्नुअघि रास्वपा कार्यालयमा प्रहरीको बाक्लो उपस्थिति थियो । लामिछानेले भने, 'जुन दिन सरकार ढाल्ने सम्झौता भएको थियो, रविलाई जसरी भए पनि जेल कोच्छौं, तपाईं चिन्ता नगर्नूस् भन्ने सम्झौता उहाँहरूले गर्नुभएको सूचना मलाई छ ।'

आक्रोशित लामिछानेले राज्यले दादागिरी गरेको र त्यसको डटेर सामना गर्ने साहस कार्यकर्ताहरूलाई मिलोस् भनेका छन् । उनलाई पक्राउ गरेर प्रहरीले गाडीमा लिएर जाँदा कार्यकर्ताहरूको भीडले प्रधानमन्त्री र सरकारविरुद्ध चर्को नाराबाजी गरेको थियो । लामिछानेलाई अब कास्की जिल्ला अदालतमा पेस गरी म्याद थप गरिने र त्यसपछि मात्र थप अनुसन्धान अघि बढाइने कास्की प्रहरी प्रवक्ता वसन्तकुमार शर्माले बताए । 'अब आइतबारमात्र उहाँलाई अदालत लगिने छ र हामी ठगी र संगठित अपराधमा केन्द्रित हुनेछौं,' उनले भने ।

कर्पोरेट कानुनका जानकार रमन कर्णका अनुसार लामिछानेमाथि सहकारीको रकम संगठितरूपमा ठगी गरेको भन्दै सहकारी ऐन, २०७४ र संगठित अपराध निवारण ऐन, २०६४ ले बर्जित गरेको कसुर र सम्पत्ति शुद्धीकरणमा अनुसन्धानका लागि प्रहरीले म्याद माग गर्न सक्छ ।

(क्रमशः पृष्ठ २ मा)



## सांसद पद के होला ?

सहकारी ठगी र संगठित अपराधसम्बन्धी कसुरमा पक्राउ परेसँगै रास्वपा सभापति रवि लामिछानेको प्रतिनिधिसभा सदस्य पद के हुन्छ ? भन्ने आम चासो छ । यसअघि नागरिकतासम्बन्धी कसुरमा सर्वोच्च अदालतबाट दोषी ठहरिँदा रविले सांसद पद गुमाएका थिए । त्यसबेला उनी पक्राउ भने परेका थिएनन् । यसपटक उनी ठगी र संगठित अपराधसम्बन्धी कसुरमा पक्राउ परेका छन् । यसबारे संविधानको धारा १०३ को उपधारा ६ अनुसार सांसद लामिछाने पक्राउ परेको सूचना प्रहरीले सभामुख देवराज घिमिरेलाई दिइसकेको छ ।

'सम्मानित कास्की जिल्ला अदालतको २०८१ कात्तिक २ गतेको पक्राउ अनुमतिबमोजिम फौजदारी कसुरको अनुसन्धानको क्रममा पक्राउ गरिएका रवि लामिछाने चितवन-२ को राष्ट्रिय स्वतन्त्र पार्टीको तर्फबाट प्रत्यक्षतर्फ प्रतिनिधिसभामा निर्वाचित (क्रमशः पृष्ठ २ मा)

सन्दर्भ: वैदेशिक रोजगार

# इजरायलमा कामदार पठाउन सुरक्षा अवस्था बुझ्दै सरकार

■ **प्रभाव संवाददाता**




**काठमाडौं–** सरकारले इजरायलमा नेपाली कामदार पठाउने सम्बन्धमा त्यहाँको सुरक्षा अवस्था बुझेरमात्रै आवश्यक निर्णय लिने भएको छ । इजरायलमा जारी द्वन्द्वका कारण नेपाली कामदार पठाउन सकिने वा नसकिने विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले परराष्ट्र मन्त्रालयको धारणा माग गरेको छ ।

इजरायलको दीर्घकालीन स्याहार केन्द्रमा नेपाली सहायक कामदार (केयर गिभर) पठाउने/नपठाउने भन्ने सम्बन्धमा त्यहाँको सुरक्षा अवस्थाबारे बुझ्न परराष्ट्रलाई पत्राचार गरिएको श्रम मन्त्रालयले जनाएको छ । इजरायलको अवस्था हेर्दा तत्काल कामदार पठाउन सकिँदैन कि भन्ने लागेर सुरक्षा अवस्थाबारे जानकारी लिन परराष्ट्रलाई पत्राचार गरिएको श्रम मन्त्रालयका सहसचिव एवं प्रवक्ता डण्डुराज घिमिरेले बताए । 'कामदार पठाउन हुने वा नहुने विषयमा परराष्ट्रले आफ्नो राय दिएपछि मात्रै थप निर्णय हुन्छ,' उनले भने, 'सुरक्षा अवस्थाबारे जानकारी नआएसम्म हाललाई इजरायलमा कामदार पठाउने कार्य हुँदैन ।'

प्रक्रियागतरूपमा परराष्ट्रले इजरायलस्थित नेपाली दूतावासमार्फत त्यहाँको सुरक्षा अवस्थाबारे जानकारी लिएर मात्रै श्रम मन्त्रालयलाई राय दिने बताइएको छ । परराष्ट्रले नेपाली दूतावाससँगको समन्वयमा इजरायलको सुरक्षा अवस्था बुझेर कामदार पठाउन उपयुक्त छ भन्ने राय दिएमा थप प्रक्रिया अगाडि बढाइने श्रम मन्त्रालयले जनाएको छ । इजरायलमा देखिएको सुरक्षा चुनौतीकै कारण त्यहाँको जनसंख्या तथा अध्यागमन प्राधिकरण (पिबा)ले लक्की ड्रमार्फत छनोट गरेका दुई हजार ११२ जना कामदारको सूची वैदेशिक रोजगार विभागलाई प्राप्त भए पनि उनीहरूलाई स्वास्थ्य परीक्षण तथा अभिमुखीकरण तालिमलगायतका प्रक्रियामा सहभागी गराइएको छैन ।

पिबाले लक्की ड्रमार्फत छनोटमा परेकाहरूको सूची गत असोज १३ गते विभागलाई पठाएको थियो ।

(क्रमशः पृष्ठ ३ मा)

# 'रूट इन्डस्ट्री' तर्फको भाषा परीक्षा ९ कात्तिकमा

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगार विभागअन्तर्गतको इपिएस कोरिया शाखाले 'रुट इन्डस्ट्री' क्षेत्रमा रोजगारीका लागि दक्षिण कोरिया जान चाहनेहरूका लागि सञ्चालन गर्ने भाषा परीक्षाको मिति तय गरेको छ । शाखाले यही कात्तिक ९ गते (अक्टोबर २५) मा परीक्षा सञ्चालन गर्ने भएको हो ।

उक्त भाषा परीक्षाका लागि आवेदन दिएकाहरूको नामावाली र रोल नम्बर कोरियाको एचआरडी सेवाबाट प्राप्त भएसँगै परीक्षाको मिति सार्वजनिक गरिएको हो । इपिएस शाखाले शुक्रबार एक सूचना जारी गरी भाषा परीक्षामा सहभागीलाई तोकिएको मिति र समयमा अभिमुखीकरण समयभन्दा एक घण्टाअगाडि नै परीक्षा केन्द्रमा उपस्थित हुन आग्रह गरेको छ ।

'निर्धारित मिति, समय र सेसनमा सक्कल राहदानी, रंगीन प्रवेशपत्रसहित उपस्थित हुन नसकेमा निजलाई कुनै पनि अवस्थामा परीक्षामा समावेश गराइने छैन,' सूचनामा भनिएको छ । उक्त भाषा परीक्षा ललितपुरको भैँसेपाटीस्थित राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठानमा सञ्चालन हुने सूचनामा उल्लेख छ । परीक्षा हलभित्र मोबाइल फोन, पिडिए, विद्युतीय शब्दकोश, स्मार्ट वाचलगायतका अन्य विद्युतीय (क्रमशः पृष्ठ ३ मा)

# बोर्डको सफ्टवेयरमा आएको समस्याले सेवाग्राही प्रभावित

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगार बोर्डले चलाइरहेको सफ्टवेयरमा आएको समस्याले सेवाग्राही प्रभावित भएका छन् । सफ्टवेयरमा आएको समस्याका कारण बोर्डको सचिवालयबाट वैदेशिक रोजगारीमा गएर मृत्यु भएका तथा अंगभंग भएका कामदार र उनीहरूका परिवारलाई प्रदान गरिने आर्थिक सहायता वितरणलगायतको काम रोकिएको छ ।

बोर्डले शुक्रबार एक सूचना जारी गर्दै वैदेशिक रोजगारीमा गएर मृत्यु भएका तथा अंगभंग भएका कामदार र उनीहरूका परिवारलाई प्रदान गरिने आर्थिक सहायता वितरणलगायत वैदेशिक रोजगार सन्तती छात्रवृत्ति प्रदानमा प्रयोग हुने सफ्टवेयरको सर्भरमा केही दिनदेखि समस्या आइरहेको उल्लेख गरेको छ । सर्भर मर्मत कार्य जारी रहेकाले पुनः सञ्चालन हुन अझै केही दिन समय लाग्ने बताइएको छ । 'यस सचिवालयबाट प्रदान गरिने आर्थिक सहायता वितरणमा पर्न जाने असुविधाका लागि क्षमाप्रार्थी छौं,' बोर्डले सूचनामा भनेको छ ।

यद्यपि, आर्थिक सहायता वितरणमा समस्या आए पनि इमेलमार्फत वा भौतिकरूपमा उपस्थित भई दिएको निवेदन संकलन कार्य निरन्तर रूपमा चलिरहेको बोर्डले उल्लेख गरेको छ ।




## पृष्ठ १ बाट क्रमशः

## रास्वपा सभापति...

अदालतमा पेस गरिएपछि सरकारको तर्फबाट सरकारी वकिलहरूले बहस गर्ने छन् भने लामिछानेका वकिलले पनि बहस गर्ने छन् । दुवैपक्षको बहसपछि अदालतले अनुसन्धानका लागि प्रहरीलाई समय दिने छ ।

कर्णले प्रभावसँग भने, 'संगठित अपराधमा ६० दिनसम्म थुनामा राखेर प्रहरीले अनुसन्धान गर्न पाउँछ । ६० दिन पूरा हुनुअगावै प्रहरीले अनुसन्धान प्रतिवेदनसहित जिल्ला सरकारी वकिलको कार्यालय कास्कीमा बुझाउनुपर्छ । त्यस्तै, सम्पत्ति शुद्धीकरणमा थप अनुसन्धान गर्न चाहेमा ९० दिनसम्म म्याद थपको माग प्रहरीले गर्न पाउँछ ।'

त्यसपछि भने प्रहरीले तयार पारेको अनुसन्धान प्रतिवेदन जिल्ला सरकारी वकिल कार्यालय लगिने छ । जिला सरकारी वकिल कार्यालयले प्रतिवेदन अध्ययन गरेर अभियोग दाबीसहित जिल्ला अदालत कास्कीमा अभियोजन गर्ने छ । जिल्ला अदालतमा अभियोगपत्र पेस भएपछि लामिछानेको थुनछेक बहस हुने छ । थुनछेक बहसमा वादी र प्रतिवादीको बहस सुनेपछि धरौटीमा छाड्ने वा पुर्पक्षका लागि थुनामा पठाउने भन्ने निर्णय अदालतले लिने छ ।

सहकारी ठगीमा बिगोअनुसार दुईदेखि १० वर्षसम्म कैद सजाय हुने कानुनी व्यवस्था छ । त्यसमा संगठित अपराध पनि पुष्टि भए सहकारी ठगीमा हुने अधिकतम् सजायको डेढीसम्म सजाय हुने छ । कुनै कसुरमा संगठितरूपमा अपराध गरेको पुष्टि भए सम्बन्धित कसुरमा हुने सजायको डेढी सजाय हुने कानुनी व्यवस्था छ ।

यदि जिल्ला अदालतको आदेश चित्त नबुझे वादी र प्रतिवादी दुवै पक्षलाई उच्च र त्यहाँबाट आएको फैसला चित्त नबुझे सर्वोच्च जाने बाटो खुला रहने कर्ण बताउँछन् । लामिछानेले आफू पक्राउ पर्नुअघि सामाजिक सञ्जाल फेसबुकमार्फत प्रधानमन्त्रीसमेत रहेका एमाले अध्यक्ष केपी शर्मा ओलीविरुद्ध आक्रोश पोखेका थिए ।

'तपाईंको हातमा तस्करले दिएको करोड पर्ने घडी, मेरो हातमाचाहिँ हत्कडी ? तपाईं बिचौलियाको सेवा गरेबापत लाखौंको चस्मा र जुत्ता लगाउने, मुद्दा मैले खेपिदिनुपर्ने ? तपाईं प्रमाणित भ्रष्टाचारीबाट करोडौंको जग्गा खुलमखुल्ला लिने, मैले ठगीको आरोप खेपिदिनुपर्ने ? तिमीहरू राज्यका भएभरको शक्ति लगाएर अनुसन्धान गर्दा पनि केही भेट्दैनौं, अनि तिम्रो एउटा नेताको राजनीति जोगाउन र तिम्रो दुईतिहाइको सरकार जोगाइदिन म बलि चढ्नुपर्ने ?,' लामिछानेले लेखेका छन् ।

उनले प्रधानमन्त्रीको पूरा नाम नलेखेर 'ओलीजी' लेख्दै भ्रष्टाचारी समाउन आफूले प्रधानमन्त्रीको प्रस्ताव लत्याएको तर तिनै भ्रष्टाचारीलाई जोगाउन ओलीले त्यही प्रस्ताव रातारात बिचौलियालाई साक्षी राखेर गरेको वाचास्वरूप आफूलाई बलि चढाउने सम्झौता त्यसै रात गरेको थाहा भएको पनि लेखेका छन् । उनले आफूलाई न्यायालयप्रति आशा र जनताप्रति भरोसा रहेको बताउँदै कानुनलाई सघाउने प्रतिबद्धता जनाएका छन् । त्यस क्रममा उनले कार्यकर्तालाई सम्बोधन गर्दै भने, 'प्रिय रास्वपा परिवारका साथीहरू, शिर ठाडो राख्नुहोला । तपाईंको सभापतिले कसैलाई ठगेको छैन ।'

तर, गत ४ असोजमा थापा संयोजक रहेको संसदीय समितिले बुझाएको प्रतिवेदनमा भने लामिछाने सहकारीको बचत अपचनमा संलग्न रहेको किटान गरिएको छ । बचत अपचलनमै उनलाई कारबाही गर्न सिफारिससमेत गरिएको थियो । समितिले सहकारीबाट ऋण लिन लामिछानेको कुनै भूमिका फेला नपरेको तर लामिछानेसम्बद्ध तत्कालीन गोर्खा मिडिया नेटवर्कले सञ्चालन गरेको ग्यालेक्सी फोरके टेलिभिजनमा सहकारीबाट लिइएको ऋण लगानी भएको ठहर गरेको थियो ।

तर, लामिछानेले सफाइ पाएको भन्दै रास्वपा नेता कार्यकर्ताले प्रचार गरेका थिए । यसबीचमा एक टेलिभिजनसँगको अन्तर्वार्तामा समिति सभापति थापाले पनि प्रतिवेदन सहमतिको दस्तावेज भन्दै 'नरम' प्रतिवेदन तयार गरिएको बताएका थिए । यद्यपि, सोही प्रतिवेदनपछि प्रहरीले गोर्खा मिडिया नेटवर्कका तत्कालीन सञ्चालक छविलाल जोशीलाई ६ असोजमा 'जरुरी पक्राउ पुर्जी' दिएर काठमाडौंको शंखमुलबाट नियन्त्रणमा लियो ।

जोशीको परिवारले सर्वोच्च अदालतमा पक्राउविरुद्ध बन्दी प्रत्यक्षीकरणको रिट दिएको थियो । अदालतले १६ असोजमा उनलाई गैरकानुनी हिरासतमा राखेको भन्न नमिल्ने ठहर गऱ्यो । तर, दसैं बिदा सुरु हुन लागेको भन्दै धरौटी वा तारेखमा छाड्न ध्यानाकर्षण गराएको थियो ।

यद्यपि, कास्की प्रहरीले जोशीलाई छाडेन । शुक्रबार अदालतले पुनः पाँच दिन थुनामा राख्न म्याद थप गरिदिएको छ । सहकारीको रकम गोर्खा मिडिया नेटवर्कमा आएका बेला लामिछाने पनि नेटवर्कमा सञ्चालक रहेको भन्दै संसदीय समितिको प्रतिवेदनसमेतलाई आधार मानेर प्रहरीले पूरक अभियोग लैजाने तयारीसहित रविलाई पक्राउ गरेको हो ।

रवि भने नेटवर्कमा 'स्वेट सेयर'का रूपमा १५ प्रतिशत सेयर लिँदै २०७७ सालमा सञ्चालक बनेका थिए । उनले राजनीतिमा होमिने भन्दै १ असार २०७० मा गोर्खा मिडिया नेटवर्कले सञ्चालन गरेको ग्यालेक्सी टिभी छाडेका थिए ।

टिभीका मुख्य सञ्चालक एवं सहकारी ठगी प्रकरणका मुख्य आरोपी गितेन्द्रबाबु (जिबी) राई हुन् । उनी हालसम्म फरार छन् । उनीविरुद्ध अन्तर्राष्ट्रिय अपराध प्रहरी संगठन (इन्टरपोल) मा 'रेड नोटिस' जारी छ । उनी मलेसियामा रहेको आशंका छ । यद्यपि, हालसम्म पक्राउ परेका छैनन् ।

### गृहमन्त्रीको त्यो पूर्वचेतावनी !

गृहमन्त्री रमेश लेखकले लामिछानेसहितका सहकारीको बचत अपचलनमा संलग्नहरूलाई लक्षित गर्दै कैलाश सिरोहिया प्रकरण नदोहोरिने चेतावनी दिएका थिए । सिहोरिया कीर्ते नागरिकता प्रकरणमा सहकारीको बचत अपचलनमा शुक्रबार पक्राउ परेका लामिछाने यसअघि गृहमन्त्री हुँदा पक्राउ परेका थिए । सिरोहिया केही दिनमै छुटेका थिए । वर्तमान गृहमन्त्री लेखकले भने सिरोहिया पक्राउ परेर केही दिनमै छुटेजसरी सहकारीको बचत अपचलनमा संलग्न लामिछानेलगायतका आरोपीहरू नछुट्ने पूर्वचेतावनी दिएका हुन् ।

प्रधानमन्त्री केपी शर्मा ओली संयुक्त राष्ट्रसंघको महासभालाई सम्बोधन गर्न जानुअघि नै रविलाई पक्राउ गर्ने प्रयास प्रहरीले गरेको थियो । तर, त्यतिबेला पक्राउ गरेन । त्यसबेला ओली र प्रमुख सत्ताघटक नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले नै प्रहरी प्रमुखलाई अहिले पक्राउ नगर्नू भनेका बताइएको छ । अन्ततः दसैं सकिएलगत्तै शुक्रबार लामिछानेलाई पक्राउ गरिएको हो ।

●●●

## सांसद पद...

सांसद रहेकोले नेपालको संविधान, २०७२ को धारा १०३ को उपधारा ६ बमोजिम प्रतिनिधिसभाको सदस्य निज रवि लामिछाने पक्राउ परेको यसै पत्रद्वारा सम्माननीय सभामुखसमक्ष सूचना एवं जानकारी गराइएको व्यहोरा सादर अनुरोध गरिएको छ,' कास्की प्रहरी प्रमुख श्यामबाबु ओलियाले लेखेको पत्रमा उल्लेख छ ।

तर, लामिछानेको सांसद पद तत्काल जाने छैन । प्रतिनिधिसभा नियमावलीको नियम २२५ मा प्रतिनिधिसभा सदस्यको पक्राउ र सांसद पद निलम्बन हुनेसम्बन्धी व्यवस्था छ । नियमावली २२५ को उपनियम ३ मा प्रचलित कानुनबमोजिम तीन वर्ष वा सो भन्दा बढी कैदको सजाय हुने वा नैतिक पतन देखिने फौजदारी मुद्दामा अभियोगपत्र दायर भई पुर्पक्षका लागि थुनामा रहेको अवस्थामा थुनामा रहेको अवधिभर सांसद पद निलम्बन हुन्छ ।

नियमावलीमा भनिएको छ, '...वा अदालतको आदेशबमोजिम पुर्पक्षका लागि थुनामा बस्नुपर्नेमा त्यस्तो थुनामा नबसी फरार रहेको अवधिभर निज निलम्बनमा रहने छ ।'

प्रतिनिधिसभा नियमावलीको यो व्यवस्थाअनुसार लामिछाने धरौटीमा छुटे भने सांसद पद निलम्बनमा पर्ने छैन । यदि अदालतले लामिछानेलाई पुर्पक्षका लागि थुनामा राख्न आदेश दिए सोही दिनदेखि लामिछानेको सांसद पद स्वतः निलम्बनमा पर्ने छ ।

लामिछाने २०७९ मंसिरमा सम्पन्न चुनावमा चितवन-२ बाट निर्वाचित भएका थिए । नागरिकतासम्बन्धी मुद्दामा उनको सांसद पद खारेज भएपछि २०८० वैशाख १० गते त्यस क्षेत्रमा उपनिर्वाचन भएको थियो । उपनिर्वाचनमा पनि लामिछाने नै निर्वाचित भएका थिए ।

●●●

## टुंगो छैन...

यतिमात्र हैन १५औं महाधिवेशनमा गगन सभापतिको उम्मेदवार बन्ने सहमतिसमेत यो समूहमा बनेको थियो । तर, १४औं महाधिवेशनमा सभापति बन्न नसकेपछि शेखर पुन सभापतिको रेसमा निस्केका छन् ।

शुक्रबार विराटनगर पुगेर उनले आउँदो महाधिवेशनमा आफू सभापति पदमा उठ्ने कुरामा 'कन्फ्युजन'मा नपर्न नेता एवं कार्यकर्तालाई आग्रह गरे । 'अब जित्नकै लागि सभापतिमा उठ्ने हो र पार्टीमा गुमेको साख फर्काउने हो । त्यसका लागि तपाईंहरू आ-आफ्नो कार्यक्षेत्रमा खटिनूस्,' कोइरालाले भने । कोइरालाले जतिसुकै कोसिस गरे पनि पार्टी संगठन सुदृढीकरण र कार्यकर्ताहरूलाई न्याय गर्ने कुरामा आफूले भनेजति काम गर्न नसकेकोसमेत स्वीकारे । विराटनगरस्थित कोइरालानिवासमा मधेस प्रदेशका नेताहरूसँग भेटघाट गर्ने क्रममा कोइरालाले नेतृत्वमा नपुगी केही गर्न नसकिने रहेछ भन्ने निष्कर्षमा आफू पुगेको बताए ।

उनले विधानबमोजिम २०८२ मंसिरभित्रै १५औं महाअधिवेशन हुनुपर्ने बताए । समयमै महाधिवेशन हुन नसके सिंगो कांग्रेस पार्टी नै धराशायी बन्ने भन्दै सोही समयमै महाधिवेशन गर्ने कुरामा लाग्न उनले जिल्ला-जिल्लाका नेताहरूलाई निर्देशन दिए । यद्यपि, देउवा भने तोकिएको समयमा महाधिवेशन गराउने तयारीमा देखिन्नन् । चुनावी सरकारको नेतृत्व पाउने भएकाले देउवाले विधान, संविधान लगाएर भए पनि २०८४ सम्मै आफ्नो नेतृत्व कायम राख्ने कांग्रेस नेताहरू बताउँछन् । विधानतः कांग्रेस सभापति दुईपटकभन्दा बढी बन्न पाउँदैन । कांग्रेस सभापतिमा देउवाको यो दोस्रो कार्यकाल हो ।

अघिल्लोपटक पनि देउवाले विभिन्न कारण देखाई साढे एक वर्ष कार्यकाल लम्ब्याएर विधान मिचेरै नेतृत्व गरेका थिए । 'यसपटक पनि चुनावी सरकारको नेतृत्व भन्दै देउवाले कार्यकाल लम्ब्याउने देखिन्छ,' कांग्रेसका एक नेताले भने ।

●●●

## लिगेसी बोकेका...

राष्ट्रपति, प्रधानमन्त्री र पार्टी सभापति तीन पद बाँडफाँड गरी अघि बढ्ने एकखालको समझदारी बनेको प्रकाशमाननिकट एक नेताले बताए । 'यो खालको बसाइँ महाधिवेशनकै बारेमा हो । तीन नेताबीच महत्त्वपूर्ण पद बाँडफाँट गरी अघि बढ्ने सहमति करिबकरिब भएको भन्ने छ,' ती नेताले भने । १४औं महाधिवेशनअघि पनि कोइराला, सिंह र निधिबीच यसबारे तयारी भए पनि देउवालाई समर्थन गरेर तीनै जना 'ब्याक' बसेका थिए । १४औं महाधिवेशनमा कोइराला केन्द्रीय सदस्यमात्रै उठ्दा सिंह र निधि भने सभापति पदमै आमनेसामने भए । कोइरालाले त्यसबेला सभापतिमा देउवालाई मौन समर्थन जनाए भने सभापतिका लागि भएको दोस्रो चरणको मतदानमा प्रकाशमान र निधिले देउवालाई सघाए ।

सभापतिमा देउवालाई जिताउन मत दिएका निधि र सिंहमात्र हैनन् मौन बसेर सहयोग गरेका शशांक पनि अबको महाधिवेशनमा सभापतिका आकांक्षी छन् । महामन्त्री थापा पनि आउँदो महाधिवेशनमा सभापतिमा उठ्ने तयारीमा छन् । यद्यपि सबै नेता सभापति देउवाले कसलाई आशीर्वाद देलान् भनेर कुरिरहेको बताइएको छ ।


## युएइमा रोजगार

कम्पनी: MBM GULF ELECTROMECHANICAL L.L.C शहर: UAE, Fujairah

पूर्व स्वीकृत मिति : २०८१/०२/३० पुनः स्वीकृत मिति : २०८१/०७/०२ LT. No. 306379 चलानी नं ६०२२१०५६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 13 | 0 | 900 | ३२,९५७ | क. नि. अनुसार | क. नि. अनुसार | ६ दिन | क. नि. अनुसार | क. नि. अनुसार | क. नि. अनुसार | २ वर्ष |
| 2 | MASON | 17 | 0 | 1200 | ४३,९४२ | | | | | | | |
| 3 | shuttering carpenter | 25 | 0 | 1200 | ४३,९४२ | | | | | | | |
| 4 | STEEL FIXER | 20 | 0 | 1200 | ४३,९४२ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: झापा ट्रेनिङ सेन्टर, विर्तामोड, झापामा मिति: २०८१ कार्तिक १० गते (26th Oct. 2024) मा हुनेछ । पि.आर. ट्रेनिङ सेन्टर, जनकपुर, धनुषामा मिति: २०८१ कार्तिक ११ गते (27th Oct. 2024) मा हुनेछ । नमस्ते जनप्रिय थकालि भान्सा घर पोखरा, कास्किमा मिति: २०८१ कार्तिक १२ गते (28th Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने /नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोषकसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्याहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्याहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रु. २३०८/- कामदारले तिर्ने | रु. १५००/ कामदार आफैंले | निःशुल्क | रु. ७००/- कामदारले तिर्ने | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

S.N. RECRUITING SERVICE PVT.LTD.
S.N. Recruiting Service Pvt Ltd
Nagarjun-2, Kathmandu, Nepal Tel: 014890823, 9803334884
E-mail : snrecruitingnepal@gmail.com
श्रम ईजाजत नं. 1284/074/75

## कतारमा रोजगार

कम्पनी : KARAK MQANEES

पूर्व स्वीकृति मिति : २०८१/०७/०२ LT. No. 312303 चलानी नं. ६०२२६७६४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Baraista/waiter | 4 | 0 | 1400 | ५१,६४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cooker/cook | 3 | 0 | 1500 | ५५,३३० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कार्तिक १० गते (26th Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्याहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्याहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १६६९/०८०/०८१
ASLIYA MANPOWER SUPPLY PVT. LTD.
Kathmandu Metropolitian City-9, Gairigaun, Bagmati Province
Phone No. 9843148012, 9707934456

## साउदीमा रोजगार

कम्पनी : Midong Engineering & Construction Co. Ltd

पूर्व स्वीकृति मिति : २०८०/११/०२ पुन विज्ञापन स्वीकृति मिति : २०८१/०७/०२ LT. No. 300016 चलानी नं. ६०२१५०६५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 20 | 0 | 1350 | ४८,४९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कार्तिक १० गते (26th Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्याहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्याहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

R.K. INTERNATIONAL H.R. SOLUTIONS PVT.LTD
KMC-26, Samakhusi, Kathmandu, Nepal, Mobile: +9779856006311, WhatsApp: +977-9856006311
E-mail: adminrkinepal@gmail.com, drbastola12@gmail.com
श्रम ईजाजत नं. १६३७/०८०/८१

## युएईमा रोजगार

कम्पनी : SERVEU

पूर्व स्वीकृति मिति : २०८१/०६/३० LT. No. 312217 चलानी नं. ६०२२६७६१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 30 | 0 | 1200 | ४४,०८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Electrician | 30 | 0 | 1200 | ४४,०८० | | | | | | | |
| 3 | Lifeguard | 5 | 5 | 1200 | ४४,०८० | | | | | | | |
| 4 | Mason | 30 | 0 | 1200 | ४४,०८० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कार्तिक १० गते (26th Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्याहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्याहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

R.K.H.R. SOLUTION PVT.LTD.
KMC-9, Gaushala, Kathmandu, Nepal, Tel : +977-5912861, Whatsapp: 9808598450
Mob: 9745936808, E-mail : rkhrsolution2022@gmail.com
Govt. License 1565/079/80

## साउदीमा रोजगार

कम्पनी : Kadan Business Company for Operation and Maintenance.

पूर्व स्वीकृति मिति : २०८१/०७/०१ LT. No. 312340 चलानी नं. ६०२२६७२२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facilities Cleaning Worker | 6 | 0 | 1000 | ३५,९३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कार्तिक १० गते (26th Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्याहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्याहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1284/074/75
S.N. Recruiting Service Pvt Ltd
Nagarjun-2, Kathmandu, Nepal Tel: 014890823, 9803334884, E-mail : snrecruitingnepal@gmail.com

## कतारमा रोजगार

कम्पनी : Scent Perfumes Trading

पूर्व स्वीकृति मिति : २०८१/०७/०१ LT. No. 312267 चलानी नं. ६०२२६७१८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 0 | 1 | 2000 | ७३,७७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कार्तिक १० गते (26th Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्याहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्याहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ४९७/०६१/०६२
Shuvam Overseas Employment Pvt. Ltd.
Mitranagar-29, New Buspark Kathmandu, Nepal, Tel : +977-1-42160043,
Mobile: 9851073220, 9851196634, 9846061401, E-mail : shuvamoves123@gmail.com, Website : www.shuvamoverseas.com


## आजको राशिफल



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com

शनिबार, ०३ कात्तिक, २०८१

| | |
|---|---|
| मेष | केही काम रोकिनाले रकम हातलागी नहुन सक्छ। |
| वृष | आफ्नै बेहोसीले नोक्सान पुर्याउला। |
| मिथुन | रोकिएका काम बन्नाले उत्साह जाग्नेछ । |
| कर्कट | कमजोरीले केही समस्या उब्जाए पनि कार्य सम्पादन । |
| सिंह | परिबन्धले अप्ठ्यारो स्थिति निम्त्याउन सक्छ। |
| कन्या | परिस्थिति सोचेजस्तो लक्ष्य प्राप्तिमा विलम्ब हुनेछ । |
| तुला | धर्मकर्म र सेवामूलक काममा प्रवृत्त गराउनेछ। |
| वृश्चिक | मार्गदर्शन अनुचित लाग्नेछ । |
| धनु | अवसर प्राप्त भए पनि उपलब्धि हातपार्न समय मान्यजनको |
| मकर | लाग्नेछपरिस्थितिवश विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला । |
| कुम्भ | समय फुर्सदिलो रहनाले भेटघाट गर्ने अवसर हुनेछ। |
| मीन | शुभचिन्तकहरूको साथले काममा उत्साह जाग्नेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालय/शववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टचाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

०३ कात्तिक, २०८१ (१९ अक्टोबर, २०२४)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३४.०६ | १३४.६६ |
| युरो | १ को | १४८.०२ | १४८.६८ |
| पाउन्ड स्टिर्लङ | १ को | १७५.६६ | १७६.४४ |
| स्विस फ्रैन्क | १ को | १५७.७७ | १५८.४८ |
| अस्ट्रेलियन डलर | १ को | ९१.७४ | ९२.१५ |
| क्यानाडियन डलर | १ को | ९९.०२ | ९९.४६ |
| सिङ्गापुर डलर | १ को | १०३.३६ | १०३.८२ |
| जापानी येन | १० को | ९.१३ | ९.१७ |
| चिनियाँ युआन | १ को | १९.१० | १९.१९ |
| साउदी अरब रियाल | १ को | ३५.७२ | ३५.८८ |
| कतारी रियाल | १ को | ३६.७८ | ३६.९४ |
| थाई भाट | १ को | ४.०५ | ४.०६ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.५० | ३६.६६ |
| मलेसियन रिङेट | १ को | ३१.७६ | ३१.९० |
| दक्षिण कोरियन वन | १०० को | १०.०४ | १०.०९ |
| स्विडिस क्रोनर | १ को | १३.०२ | १३.०८ |
| डेनिस क्रोनर | १ को | १९.८४ | १९.९३ |
| हङकङ डलर | १ को | १७.२६ | १७.३४ |
| कुवेती दिनार | १ को | ४३८.२० | ४४०.१७ |
| बहराइन दिनार | १ को | ३५५.५७ | ३५७.१६ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

प्रधानमन्त्रीको निर्देशन–

# विपद् प्रभावितलाई तत्काल राहत उपलब्ध गराऊ



■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानमन्त्री केपी शर्मा ओलीले गत असोज १० गतेदेखि १३ गतेसम्मको भारी वर्षापछि गएको बाढी, पहिरो तथा डुबानबाट प्रभावितलाई तत्काल राहत उपलब्ध गराउन निर्देशन दिएका छन् ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा शुक्रबार बसेको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्को १४औं बैठकको समापन गर्दै प्रधानमन्त्री ओलीले कात्तिक मसान्तभित्र अस्थायी आवास निर्माणको रकम निकासा गरिसक्न तथा बिजुली, स्वास्थ्य, खानेपानीलगायत अवरुद्ध सेवा १५ दिनभित्र खुलाउन निर्देशन दिए । उनले विपद्पछिको क्षतिको विस्तृत मूल्यांकन छिट्टैगरी पुनर्निर्माणमा अपुग हुने रकम जुटाउन दातृनिकाय वा विदेशी सरकारको सहभागितामा सम्मेलन गर्न पनि निर्देशन गरे ।

उनले किसानको बालीनालीको नोक्सानी भएको स्थितिमा उनीहरूलाई क्षतिपूर्ति दिनुपर्नेमा जोड दिँदै भत्किएका कुलोहरूको मर्मत आगामी जेठ १५ भित्र गरिसक्न आग्रह गरे । राष्ट्रिय परिषद्का अध्यक्षसमेत रहेका प्रधानमन्त्री ओलीले नेपाल भूकम्पीय, पहिरो र जलवायु परिवर्तनजन्य विपद्को जोखिममा रहेकाले त्यसको पूर्वतयारी तथा सुरक्षित एकीकृत बस्ती विकासको नीतिगत तर्जुमा गर्न आग्रह गर्दै अन्यत्र आवास नभई जोखिमयुक्त स्थानमा बसेकाहरूलाई बस्ती स्थानान्तरण गर्न र अन्यत्र घर भई जोखिमयुक्त स्थानमा रहेकाहरूलाई त्यहाँबाट हटाउनुपर्ने स्पष्ट गरे ।

देश र जनताको सुरक्षाका लागि पारदर्शी रूपमा पहिराको जोखिम भएका स्थानमा वनक्षेत्र विस्तार गर्न र कतिपय वनक्षेत्रमा सुरक्षित बस्ती विकासको योजना पनि अघि बढाउन सकिने उनको भनाइ थियो ।

# ‘कहीँ नभएको हाँडीगाउँको जात्रा’ हेर्न घुइँचो



**काठमाडौं–** काठमाडौं महानगरपालिका-५ स्थित हाँडीगाउँ क्षेत्रमा प्रदर्शन गरिने चोक्काथुनारायणको जात्राले त्यस क्षेत्रमा रौनकता छाएको छ । जात्रा हेर्न धेरै मानिस हाँडीगाउँ क्षेत्रमा जम्मा भएका छन् ।

प्रत्येक वर्ष कोजाग्रत पूर्णिमापछि गरिने यो जात्रा यस क्षेत्रको प्राचीन मौलिक संस्कृतिका रूपमा मानिँदै आएको छ । यो जात्रालाई तीननारायण एवं ‘कहीँ नभएको जात्रा हाँडीगाउँमा’ समेत भनिन्छ । देशका अन्य स्थानमा हुने जात्रा खटको गजुर उल्टो नपारी गरिने र यहाँको नारायण जात्रा भने उल्टो पारेर गरिने भएकाले कहीँ नभएको जात्रा भन्ने गरिएको हो । चोकेटनारायणसमेत भनिने चोक्काथुनारायणको नाममा गुठी जग्गासमेत राखी जात्रा चलाउने व्यवस्था गरिएको थियो । गुठी संस्थानकोलगतमा चोक्काथुनारायण एवं तीननारायणका नाममा गुठी जग्गा राखिएको उल्लेख छ ।

मन्दिरको ढोकामा रहेको नेवारी भाषाको अभिलेखअनुसार राजा नरेन्द्र मल्लको पालादेखि यो जात्रा सुरु भएको हो । चोक्काथुनारायणको मन्दिर बूढानीलकण्ठबाट ल्याई यहाँ स्थापना गरिएको ‘हाँडीगाउँ : एक परिक्रमा’ पुस्तकका लेखक एवं यस क्षेत्रको सांस्कृतिक परम्पराका बारेमा अध्ययन गरिरहेका यज्ञनाथ आचार्यले जानकारी दिए । जात्रा सुरु भएका सम्बन्धमा एउटा किम्वदन्ती प्रचलित छ । जनश्रुतिअनुसार मध्यकालमा हाँडीगाउँमा दुई दिदीबहिनी थिए । दिदी भगवान्प्रति पूर्णरूपमा आस्था राख्थिन् । बहिनी घमण्डी हुनुका साथ भगवान्प्रति पनि उनको आस्था थिएन । विवाहपछि दुवै दिदीबहिनी गर्भवती भए । दिदीले समयमै बच्चा जन्माइन् । बहिनीको गर्भ रहेको १२ वर्षसम्म पनि बच्चा जन्मिएन । बहिनीले श्रीमान्सहित नारायणको आराधना गरिन् ।

सपनामा बूढानीलकण्ठ नजिकको पहाडमा रहेको नारायणको मूर्ति ल्याई उल्टो छाताकारका तीन खटको जात्रा चलाउनु तब तिमीहरूको उद्धार हुने छ भन्ने आज्ञा प्राप्त भयो । गर्भ रहेको १२ वर्षसम्म बच्चा नजन्मिएको दम्पतीले त्यसबेलाका राजा नरेन्द्र मल्लसँग गुहार मागे । राजआज्ञाबमोजिम तान्त्रिकहरू धिमे बाजा बजाइ रंगीविरंगी लुगा लगाएर बूढानीलकण्ठ नजिकको पहाडमा गए ।

मैनको फूल चढाई नारायणको आराधना गरे । चोक्काथुनारायण (तीननारायण) जात्राको परम्परा चलाउने वचन दिए । नारायणलाई हाँडीगाउँ ल्याई यहाँका जनतालाई पर्ने दु:ख तथा पीडालाई अन्त्य गर्न भनी चोक्काथुनारायण (तीननारायण) मन्दिर स्थापना गरे । यसै बेलादेखि जात्राको पनि सुरुवात भयो । मन्दिर स्थापना भएपछि प्रसव वेदनाको समयमा नारायणको मूर्तिमा तेल लगाउँदा वा जात्राको समयमा प्रयोग हुने मैनको फूल सिरानीमा राख्नाले वेदना कम हुने गरेको स्थानीयवासीको अनुभव छ । नारायणको शिरमा तेल खन्याउँदा दायाँतर्फबाट तेल खसे छोरा र बायाँतर्फबाट तेल खसे छोरीको जन्म हुन्छ भन्ने धारणा अहिले पनि रहेको सांस्कृतिक अन्वेषक आचार्यले सुनाए ।

नारायणको जात्रा कमलासनको तीन खट (बाबु, आमा, छोरा) बनाई खटको गजुरलाई उल्टो पारी घुसारेर तीन टोल घुमाई गजुर घुसारेको स्थानमा पूजा गरिन्छ । यो जात्रामा पाँच जनाले धिमेबाजा बजाउनुपर्ने र ३० जनाले खट बोक्नुपर्ने प्रचलन छ । जात्रा हेर्न हाँडीगाउँ क्षेत्रका सबै गुठियार जम्मा हुनुपर्ने नियम रहेको छ । *रासस*

## कम्पनीको नाम परिर्वतन गरिएको सूचना

**प्रथमपटक प्रकाशित मितिः २०८१/०७/०३**

यस कम्पनिको सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनि रजिष्ट्रार कार्यालयबाट मिति २०८१/०६/०८ मा स्वीकृती भई साविक कम्पनि **भगवान ट्रेक्स एण्ड टुर प्रा.लि.** (प्रा.लि.नं. १५९४५५) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण, धन, कर, दायित्व आदि परिवर्तित नामको **कर्मालय ट्रेक्स एण्ड टुर प्रा.लि.** अंग्रेजीमा **Karmalaya Treks and Tour Pvt. Ltd.** ले सकार्ने व्यहोर्ने गरी कम्पनीको नाम परितवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

## कम्पनीको नाम परिर्वतन गरिएको सूचना

**दोस्रोपटक प्रकाशित मितिः २०८१/०७/०३**

यस कम्पनीको मिति २०८१/०५/२७ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **डि.एस.गोले कन्स्ट्रक्सन प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **डि.एस.पि. इन्फ्रा प्रा.लि.** (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८१/०५/२८ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **डि.एस.पि. इन्फ्रा प्रा.लि.** (प्रा.लि.नं.९०५१) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराईन्छ ।

## नाङ्लो बचत तथा ऋण सहकारी संस्था लि.

Nanglo Saving & Credit Co-operative Ltd.
Sayapatrinagar, Tokha-8, Kathmandu, Nepal Tel. : 01-983153

**नाङ्लो बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १६औं साधारणसभा सम्बन्धी सूचना**

यस संस्थाको सञ्चालक समितिको लेखा सुपरीवेक्षण समितिको मितिः २०८१/०६/१९ गते बसेको बैठकको निर्णयअनुसार यस संस्थाको १६औं वार्षिक साधारणसभा तथा छैठौं अधिवेशन निम्न मिति, समय र स्थानमा बस्ने भएको हुँदा संस्थाका सम्पूर्ण सदस्य महानुभावहरूलाई उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

**साधारण सभाको मिति, समय र स्थानः**
**मितिः २०८१ कार्तिक २४ गते, शनिबार ।**
**समयः बिहान ११:०० बजे ।**
**स्थानः संस्थाको कार्यालय परिसर ।**

**भवदीय**
**लक्ष्मण ढुंगाना**
**अध्यक्ष**
**नाङ्लो बचत तथा ऋण सहकारी संस्था लि**

## पृष्ठ १ बाट क्रमशः

पृष्ठ १ बाट क्रमशः

### इजरायलमा कामदार...

सूची प्राप्त भएसँगै कामदार पठाउने थप प्रक्रिया अगाडि बढाउन खोजे पनि सुरक्षा चुनौतीका कारण रोकिनुपरेको विभागको इजरायल शाखाका निर्देशक गिरिराज ज्ञवालीले बताए । पिबाले लक्की ड्रमार्फत छनोटमा परेकाहरूको सूची असोज १३ गते विभागलाई पठाएको थियो । विभागले सूची पाएसँगै थप प्रक्रिया अगाडि बढाएको थियो । इजरायलको सुरक्षा अवस्थामा सुधार आएपछि स्वास्थ्य परीक्षण र अभिमुखीकरण तालिमको प्रक्रिया पूरा गरेर पिबालाई पत्राचार गरिने ज्ञावलीले जानकारी दिए ।

जिटुजी सम्झौताअनुसार विभागले आवश्यक प्रक्रिया पूरा गरी योग्य कामदारको सूची पिबालाई उपलब्ध गराउने छ भने पिबाले नै कामदारको सूची इजरायलस्थित रोजगारदातासम्म पुऱ्याउने छ । रोजगारदाताले कामदारको छनोट गरी करार सम्झौता गरेर पिबामार्फत विभागले जानकारी पाउने छ ।

त्यसपछि विभागले कामदारको भिसाका लागि नेपालस्थित इजरायली दूतावासमा पठाउने छ । सम्झौताअनुसार कामदारको भिसा शुल्क रोजगारदाताले नै व्यहोर्ने व्यवस्था छ । इजरायलले दुई हजार जना केयरगिभर माग गरेको थियो । जसमा एक हजार जना मुख्य उम्मेदवार र एक हजार वैकल्पिक उम्मेदवार रहेका छन् ।

●●●

### ‘रूट इन्डस्ट्री’...

साधनहरू लैजान पूर्ण निषेध गरिने जानकारी गराइएको छ । ‘परीक्षामा चिट चोरेमा, कसैको कपी गरेको भेटिएमा परीक्षा रद्द गरी चार वर्षका लागि परीक्षामा समावेश हुन निषेध गरिने छ,’ शाखाद्वारा जारी सूचनामा उल्लेख छ ।

परीक्षा सञ्चालनका लागि तोकिएको समयभन्दा एक घण्टा अगाडि अभिमुखीकरण सुरु हुने र उक्त अभिमुखीकरणमा अनिवार्य उपस्थित हुनेपर्ने जनाइएको छ । साथै, परीक्षाको मितिभन्दा एक दिन अगावै आफ्नो सिफ्टअनुसार इपिएस शाखाको कार्यालयमा वायोमेट्रिक (फिंगर प्रिन्ट) दिनुपर्ने सूचनामा उल्लेख छ । परीक्षाको दिन फिंगर प्रिन्ट प्रमाणीकरण (भेरिफाई) गरिने हुँदा वायोमेट्रिक अनिवार्य हुने छ ।

नेपालीहरूको आकर्षक रोजगार गन्तव्य कोरियाले इपिएस प्रणालीमार्फत कामदार लगिरहेको छ । दुई देशका सरकारबीचभएको जिटुजी सम्झौताका आधारमा नेपाली कामदारले कोरियामा अवसर पाउँदै आएका छन् । कमाइको हिसाबले कोरिया आकर्षक गन्तव्य हो । कोरियाले पछिल्लो समय नेपाली कामदारको संख्या बढाउँदै लगेको छ ।


**राहदानी हरायो**

मिति २०८१/५/१५ गते कोटेश्वर देखि तिनकुने सम्म जाँदा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

नाम थर : सन्तोष विश्वकर्मा
ठेगाना : सुनसरी
राहदानी नं.: 09724773
सम्पर्क नं.: 9840939933


## किस्पाङ गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय

काहुले, नुवाकोट
बाग्मती प्रदेश, नेपाल

**बोलपत्र स्वीकृतका लागि आशयको सूचना**

(प्रकाशित मितिः २०८१/०७/०३)

यस कार्यालयबाट सार्वजनिक खरिद अनुगमन कार्यालयको विधुतीय Portal www.bolparta.gov.np/egp मार्फत मिति २०८१/०५/१७ गते प्रकाशित बोलपत्र अह्वानको सूचना बमोजिम रितपुर्वक दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपसिल बमोजिमको बोलपत्र न्यूनतम मूल्यांकनको आधारमा सारभूत रूपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) र ४७ को प्रयोजनका लागि आशयको सूचना सम्बन्धित सबैको जानकारीका लागि प्रकाशन गरिएको छ ।

तपसिल

| क्रम सं | ठेक्का नं. | कामको विवरण | सारभुत रुपमा प्रभावाग्राही बोलापत्रदाता वा फर्मको नाम र ठेगाना | कबोल अंक रु. (भ्याट र PS सहित) |
|---|---|---|---|---|
| 1. | KRM/GOODS/NCB//02/2081/82 | Procurement of 4WD Hard Top Jeep | AGNI INCORPORATED PRIVATE LIMITED. Gairidhara, Kathmandu | Rs. 73,75,000.00 |

प्रमुख प्रशासकीय अधिकृत


**युएईमा रोजगार** कम्पनी : GOLDEN SAFETY PROPERTY GUARD SERVICES L.L.C

पूर्व स्वीकृति मिति : २०७९/११/१८ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०७/०२ | LT. No. 281940 | चलानी नं. ६०१९७५३०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 10 | 0 | 1200 | ४४,०८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Life Guard | 2 | 0 | 1920 | ७०,५३० | | | | | | | |
| 3 | Security Guard | 71 | 4 | 1920 | ७०,५३० | | | | | | | |

HYHIRE INTERNATIONAL PVT. LTD.
(EAST WEST OVERSEAS SERVICE PVT. LTD)
Sinamangal-9,Tinkune, Kathmandu, BAGMATI, Tel: +977-01-4481308



**साउदीमा रोजगार** — कम्पनी : RAWABI HOLDING COMPANY LIMITED — सेवा शुल्क: नि:शुल्क

पूर्व स्वीकृति मिति : २०८१/०६/१८ | LT. No. 311772 | चलानी नं.६०२२६२९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facilities Cleaning Worker | 1 | 0 | 1200 | ४२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ALI BIN SALEH BIN SULAIMAN AL-RUBAIN COMPANY TO PROVIDE MEALS — सेवा शुल्क: १०,०००

पूर्व स्वीकृति मिति : २०८१/०६/१८ | LT. No. 311770 | चलानी नं.६०२२६२९६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Tools Cleaning Worker | 1 | 0 | 1500 | ५३,८८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कार्तिक १० गते (26th Oct. 2024) मा हुनेछ ।

कम्पनी : FASH TECHNICAL CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०६/२३ | LT. No. 311768 | चलानी नं.६०२२६४९०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolder Erecter | 13 | 0 | 1400 | ५०,२९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कार्तिक ११ र १२ गते (27 & 28 Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Herald International Pvt. Ltd.
New Baneshwor, Kathmandu, Nepal, Phone No.: +977-01-4575339,4568697, 4594101, E-mail : herald_international@yahoo.com
LIC NO. 513/061/62



**कुवेत/युएईमा रोजगार** — कम्पनी : GARAGE ALMAIL Q8 CO. FOR AUTO REPAIR

पूर्व स्वीकृति मिति : २०८१/०७/०१ | LT. No. 312320 | चलानी नं. ६०२२६७१७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | DRIVER LIGHT | 1 | 0 | 160 | ७०,४३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | INDOOR LABOR | 4 | 0 | 160 | ७०,४३५ | | | | | | | |

कम्पनी : LIFE JACKS TECHNICAL WORKS LLC

पूर्व स्वीकृति मिति : २०८१/०७/०१ | LT. No. 312357 | चलानी नं. ६०२२६७१६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Brick Layer | 1 | 0 | 1200 | ४४,०८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Building Worker/labour | 1 | 0 | 1200 | ४४,०८० | | | | | | | |
| 3 | Carpenter | 1 | 0 | 1200 | ४४,०८० | | | | | | | |
| 4 | Concrete Masons | 1 | 0 | 1200 | ४४,०८० | | | | | | | |
| 5 | Electrician General | 1 | 0 | 1200 | ४४,०८० | | | | | | | |
| 6 | Insulation Worker | 1 | 0 | 1200 | ४४,०८० | | | | | | | |
| 7 | Male Tile Layer | 1 | 0 | 1200 | ४४,०८० | | | | | | | |
| 8 | Mason/brick Mason | 1 | 0 | 1200 | ४४,०८० | | | | | | | |
| 9 | Plumber | 1 | 0 | 1200 | ४४,०८० | | | | | | | |
| 10 | Scaffolder | 1 | 0 | 1200 | ४४,०८० | | | | | | | |
| 11 | Steel Fixter | 1 | 0 | 1200 | ४४,०८० | | | | | | | |
| 12 | Stone / Brick Assistant | 1 | 0 | 1200 | ४४,०८० | | | | | | | |
| 13 | Stone Mason | 1 | 0 | 1200 | ४४,०८० | | | | | | | |
| 14 | Tile Layer Assistant | 1 | 0 | 1200 | ४४,०८० | | | | | | | |
| 15 | Tile Polisher | 1 | 0 | 1200 | ४४,०८० | | | | | | | |

कम्पनी : A I G TECHNICAL & ELECTROMECHANICAL SERVICES LLC

पूर्व स्वीकृति मिति : २०८१/०७/०१ | LT. No. 312358 | चलानी नं. ६०२२६७१५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bricklayer | 2 | 0 | 1200 | ४४,०८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 2 | 0 | 1200 | ४४,०८० | | | | | | | |
| 3 | Concrete Masons | 2 | 0 | 1200 | ४४,०८० | | | | | | | |
| 4 | Electrician General | 1 | 0 | 1200 | ४४,०८० | | | | | | | |
| 5 | Insulation Worker | 1 | 0 | 1200 | ४४,०८० | | | | | | | |
| 6 | Labour Building | 2 | 0 | 1200 | ४४,०८० | | | | | | | |
| 7 | Plumber | 2 | 0 | 1200 | ४४,०८० | | | | | | | |
| 8 | Scaffolder | 2 | 0 | 1200 | ४४,०८० | | | | | | | |
| 9 | Steel Fixer | 2 | 0 | 1200 | ४४,०८० | | | | | | | |
| 10 | Stone / Brick Assistant | 1 | 0 | 1200 | ४४,०८० | | | | | | | |
| 11 | Stone Mason | 4 | 0 | 1200 | ४४,०८० | | | | | | | |
| 12 | Tile Layer Assistant | 1 | 0 | 1200 | ४४,०८० | | | | | | | |
| 13 | Tile Layer. | 2 | 0 | 1200 | ४४,०८० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कार्तिक १० गते (26th Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

MASHAREQ INTERNATIONAL OVERSEAS PVT.LTD
Sinamangal-9, Kathmandu, Nepal, Tel: +977-1-4599763, 458335, 985-1018169
Email: mashareqoverseas@gmail.com, Website: www.mashareqoverseas.com.np
श्रम ईजाजत नं. ४१५/०६०/६१



**कुवेतमा रोजगार** — कम्पनी : ADVANCED TECHNOLOGY COMPANY KSC — सेवा शुल्क: नि:शुल्क

पूर्व स्वीकृति मिति : २०८०/०९/२६ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०७/०२ | LT. No. 297670 | चलानी नं.६०२१२९०२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Nurse | 50 | 50 | 280 | १२३,२६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner | 10 | 10 | 120 | ५२,८२५ | | | | | | | |
| 3 | Dental Hygienist / Dental Assistant | 0 | 20 | 450 | १९८,१०५ | | | | | | | |
| 4 | Driver | 10 | 0 | 135 | ५९,४३० | | | | | | | |
| 5 | Nurse | 50 | 50 | 350 | १५४,०८० | | | | | | | |
| 6 | Security Guard | 20 | 0 | 125 | ५५,०३० | | | | | | | |

कम्पनी : DOMES RESTAURANTS COMPANY WITH SERVICE — सेवा शुल्क: नि:शुल्क

पूर्व स्वीकृति मिति : २०७९/१०/२५ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०७/०२ | LT. No. 280560 | चलानी नं.६०१९६२५५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista | 20 | 10 | 120 | ५५,०३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : HONEY YARD SNACKS COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०२/०१ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०७/०२ | LT. No. 304743 | चलानी नं.६०२१९५००

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | DRIVER CAR | 2 | 0 | 135 | ५९,४३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Waiter/Waitress | 0 | 6 | 120 | ५२,८२५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कार्तिक १० गते (26th Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Omega International Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075

## विपीनलाई पुत्रीलाभ

अभिनेता विपीन कार्कीलाई पुत्रीलाभ भएको छ । दोस्रो सन्तानको रूपमा उनलाई बुधबार पुत्रीलाभ भएको हो । उनको पहिलो सन्तान पनि छोरी नै हुन् । विपीनकी पत्नी रेस्मा कटुवालले आज बिहान सुमेरू सिटी अस्पतालमा दोस्रो सन्तानको रूपमा छोरीलाई जन्म दिएकी हुन् । श्रीमती र छोरीसँग अस्पतालमा रहेका विपीन अबको केही दिनपछि पुनः आफ्नो काममा फर्कनेछन् । उनी यसपछि 'ऊनको स्वीटर' को छायांकनमा व्यस्त हुनेछन् । २ महिना अगाडि मात्रै अभिनेता कार्कीलाई मातृशोक परेको थियो ।





# विपीनको मुख्य भूमिकामा 'कर्मा'को घोषणा

■ प्रभाव संवाददाता

**काठमाडौं–** चलचित्र 'कर्मा'ले अभिनेता विपीन कार्की मुख्य भूमिकामा अनुबन्धित गराउदै आफ्नो प्रदर्शन मिति घोषणा गरेको छ । निर्माणपक्षले जानकारी दिएअनुसार यो चलचित्र आगामी चैत २९ गतेबाट प्रदर्शनमा आउनेछ ।

फिल्मको रिलिज मिति अनाउन्समेन्ट पोस्टरमा विपीनलाई जिममा कसरत गरिरहेको देखाइएको छ, जसले चलचित्रमा उनको शारीरिक रूपमा फिट र बलियो भूमिकामा देखिने संकेत गर्छ ।

'कर्मा'को निर्देशन सौरभ चौधरीले गर्दैछन्, उनले यसअघि चलचित्र 'अगस्त्यः च्याप्टर-१'को निर्देशन गरेर निकै तारिफ पाएका थिए । निर्देशक चौधरीको तेस्रो




निर्देशन रहेको यस चलचित्रको कथा पनि उनले नै लेखेका हुन् । चलचित्र एक्सन ड्रामा जनरामा निर्माण हुने बताइएको छ। चौधरीका अनुसार यस चलचित्रमा अभिनेता विपीनलाई एक्शन भूमिकामा देख्न पाइनेछ ।

आर्टिस्टिक इन्टरटेन्मेन्टको प्रस्तुति रहने 'कर्मा'मा बसन्त लम्सालले लगानी गर्नेछन् । चलचित्रको छायांकन मङ्सिर दोस्रो सातापछि सुरु हुने निर्माणपक्षले जानकारी दिएको छ । अन्य कलाकार हरूको अनुबन्ध जारी रहेकाले निकट भविष्यमा उनीहरूको नाम सार्वजनिक गरिने निर्देशक चौधरीले बताए । निर्देशक सौरभ चौधरीलाई 'अगस्त्यः च्याप्टर-१'बाट दर्शकहरू र समीक्षकहरूको राम्रो प्रतिक्रिया प्राप्त भएको थियो, जसले गर्दा 'कर्मा'प्रति पनि उच्च अपेक्षा गरिएको छ ।

# 'फिरफिरे फिरिरी'को आइटम गीत 'टिमिक्कै चोली'

■ प्रभाव संवाददाता

**काठमाडौं–** हरर कमेडी चलचित्र 'फिरफिरे फिरिरी' को आइटम गीत 'टिमिक्कै चोली' सार्वजनिक गरिएको छ । गायिका अनु चौधरीको स्वरमा रहेको गीतमा प्रशान्त सिवाकोटीको शब्द तथा सङ्गीत छ ।

कार्तिक २२ गते छठ पर्वको दिनबाट प्रदर्शनमा आउने चलचित्रको गीतमा आइटम गीतमा मोडल अलिशा शर्माले नृत्य गरेकी छन् । अलिशाको नृत्य निकै आकर्षक रहेको छ ।

नवीन भट्टको निर्देशनमा डेब्यु रहेको चलचित्र बिन्दबासिनी क्रियसनको ब्यानरमा निर्माण गरिएको हो ।

मनोज कुमार अधिकारीको निर्माण रहेको चलचित्रको नितिश पुन सह-निर्माता हुन् । सन्दीप श्रेष्ठ र नवीन भट्टको लेखन रहेको चलचित्र मार्फत सन्दीप श्रेष्ठ र भावना उप्रेती नेपाली रजतपटमा डेब्यु गर्दैछन् ।

चलचित्रमा मनोज कुमार अधिकारी,



सन्दीप श्रेष्ठ, भावना उप्रेती, रविना केसी, पुष्प अवस्थी, सूर्यमान लिम्बु लगायत कलाकारको अभिनय छ । जितु तामाङको छायांकन, केशव राज भट्टको कोरियोग्राफी, प्रशान्त सिवाकोटीको सङ्गीत रहेको चलचित्र आर.आर फिल्मस्ले वितरण गर्दै छ ।

# सलमान खानलाई फेरि ज्यान मार्ने धम्की



■ प्रभाव संवाददाता

**काठमाडौं–** बाबा सिद्दिकीको हत्या भएको ६ दिनपछि अभिनेता सलमान खानलाई ज्यान मार्ने धम्की आएको छ । यो धम्की मुम्बईको ट्राफिक कन्ट्रोल रुममा व्हाट्सएप म्यासेज मार्फत पठाइएको हो । धम्की दिने व्यक्तिले आफूलाई लरेन्स गिरोहको सदस्यको रूपमा वर्णन गरेको छ । मुम्बई पुलिसका अनुसार धम्कीपूर्ण सन्देशमा लेखिएको थियो- 'यसलाई हल्का रूपमा नलिनुहोस् । यदि सलमान खान जीवित रहन र लरेन्ससँगको दुश्मनी अन्त्य गर्न चाहन्छन् भने उनले ५ करोड रूपैयाँ तिर्नुपर्नेछ । पैसा नदिए सलमान खानको हालत बाबा सिद्दिकीको भन्दा खराब हुनेछ ।'

मुम्बई पुलिस म्यासेज पठाउने व्यक्तिको खोजीमा लागेको बताएको छ । सलमानका निकट सहयोगी र एनसीपी नेता बाबा सिद्दिकीको अक्टोबर १२ मा हत्या भएको थियो । यसपछि सलमानको सुरक्षा बढाइएको छ । सलमानलाई वाई प्लस श्रेणीको सुरक्षा दिइएको भारतीय मिडियाहरूले उल्लेख गरेका छन् ।

यसअघि सलमान खानको बान्द्रास्थित घर ग्यालेक्सी अपार्टमेन्टमा गोली चलेको थियो । लरेन्स समूहले आक्रमणको जिम्मेवारी लिएको थियो । घटनाको दुई महिनापछि सलमानले मुम्बई प्रहरीलाई बयान दिदै भने, 'मलाई बारम्बार विभिन्न व्यक्तिले निशाना बनाइराखेको छ । यसअघि पनि पटकपटक धम्की आएका छन्, जरिवानासमेत तिरेका छन् । धेरै मामिलामा अल्झिएको छु ।' यस अघि जनवरी २०२४ मा, अप्रिल २०२३ मा, मार्च २०२३ मा, जुन, २०२२ मा सलमानलाई ज्यान मर्ने धम्की दिइएको थियो ।

सलमानमाथि सन् १९९८ मा फिल्म 'हम साथ साथ हैं' को सुटिङका क्रममा राजस्थानको जंगलमा कालो हरिणको शिकार गरेको आरोप छ । सलमान बाहेक सैफ अली खान, सोनाली बेन्द्रे, तब्बु र नीलम कोठारीलाई पनि आरोप लागेको थियो । त्यसपछि बिश्नोई समुदायले पनि सलमानविरुद्ध उजुरी दिएका थिए । यसका लागि सलमानलाई जोधपुर अदालतले ५ वर्षको जेल सजाय पनि सुनाएको थियो तर पछि उनले यस मुद्दामा जमानत पाएका थिए । जसका कारण ग्याङ्गस्टर लरेन्स सलमान खानलाई मार्ने धम्की दिदै आएका छन् ।



महिला साफ च्याम्पियनसिप

# गोल गर्न नसक्दा भुटानसँग अंक बाँड्न बाध्य नेपाल

■ प्रभाव संवाददाता

**काठमाडौं–** साफ महिला च्याम्पियनसिप-२०२४ अन्तर्गत पहिलो खेलमा नेपालले भुटानसँग अंक बाँडेको छ । शुक्रबार सम्पन्न दोस्रो खेलमा दशरथ रंगशालामा भएको खेलमा नेपाल र भुटानले गोलरहित बराबरी खेल्दै अंक बाँडेको हो । नेपालले पहिलो अवसर १३ औं मिनेटमा पाएको थियो । रश्मी कुमारी घिसिङले बक्समा राम्रो अवसर पाएकी थिईन् । उनले भुटानी डिफेण्डरलाई छलाएर बक्स भित्रबाट हानेको बल भुटानी गोलकिपर संगिता मोनगरले बचाइन् ।

२० औं मिनेटमा नेपालले अर्को अवसर गुमायो । सविता राना मगरको कर्नरमा गीता रानाले हानेको हेडमा सिक्स यार्ड बक्समा रहेकी नेपालकै अमिसा कार्कीको हेडमा राखेर पोष्टमाथिबाट बाहिरियो ।

२४ औं मिनेटमा रश्मीले फेरि एकपटक राम्रो अवसर पाएकी थिईन् । रश्मीले बक्स भित्र पाएको बल डिफेन्डरलाई छलाएर प्रहनर गरेको बल पोष्टमाथिबाटै बाहिरियो ।

त्यसको दुई मिनेटपछि सरु लिम्बुले पनि अवसर गुमाईन् ।प्रिती राईले दिएको पासमा बल अगाडि बढाउँदै बक्स भित्रबाट सरुले हानेको प्रहार पोष्ट नजिकैबाट बाहिरिँदा नेपालले अगता लिने अवसर गुमायो ।

४० औं मिनेटमा भुटानी बक्समा नेपाली फरवार्डहरूले लगातार बल पाएपनि फिनिसिङ चुस्त हुन सकेन ।पहिलो हाफमा नेपालको आक्रमणमा भुटानी डिफेन्स लाईन र गोलकिपर संगिताको प्रदर्शन राम्रो रह्यो ।

दोस्रो हाफको सुरुमै प्रशिक्षक राजेन्द्र तामाङले रेनुका नगरकोटे र सरु लिम्बुको स्थानमा रेखा पौडेल र दीपा शाहीलाई मैदान पठाएपछि नेपालले दबाब बनाएको थियो । तर समस्या फिनिसिङमै रह्यो ।



५२ औं मिनेटमा नेपालले गोल गर्ने राम्रो अवसर पाएको थियो । तर भुटानी किपर र डिफेन्सले उत्कृष्ट बचाउ गरे ।दीपा शाहीको कर्नरमा रेखा पौडेलले बक्सबाट हानेको प्रहार भुटानी किपर संगिताले बचाइन् ।

पूर्ण रूपमा क्लियर नभएको बल भुटानकी डिफेण्डर जमयाङ छोडेनले क्लियर गरिन् । नजिकै रहेकी अमिसा कार्कीले केही गर्न सकिनन् ।त्यसपछि पनि नेपालले लगातार भुटानी किपरले उत्कृष्ट बचाउ गरिन् ।

८३ औं मिनेटमा नेपाली सविता राना मगरले बक्सबाट हानेको लेफ्ट फुटेड प्रहार भुटानी किपर संगिता मोनगरले उत्कृष्ट बचाउ गरिन् । ईन्जुरी टाईममा सविता राना मगर अभागी बनिन् । उनले बक्स बाहिरबाट हानेको प्रहार पोष्टमा लागेर बाहिरियो । बराबरीपछि समूह ए मा दुवै टोलीले समान १ अंक जोडेका छन् । नेपालले अब सोमबार माल्दिभ्ससँग खेल्नेछ ।

शुक्रबार नै सम्पन्न पहिलो खेलमा श्रीलंकाले माल्दिभ्सलाई पराजित गर्दै साफमा सुखद सुरुवात गरेको छ । श्रीलंकाले माल्दिभ्सलाई १-० ले हराउँदै महत्वपूर्ण ३ अंक जोडेको हो ।

# अमेरिकाविरुद्ध नेपालको जित

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपालले पहिलो टि-२० मा अमेरिकालाई पराजित गरेको छ । डालसस्थित ग्राण्डप्रेरी रङ्गशालामा भएको खेलमा नेपाल १७ रनले विजयी भएको हो । एक सय ६५ रनको लक्ष्य पछ्याएको अमेरिका निर्धारित २० ओभरमा सात विकेट गुमाएर एक सय ४७ रनमा समेटिएको थियो ।

अमेरिकाका लागि शायन जहानगिरले सर्वाधिक ६० रनको योगदान दिए । उनले ३४ बलमा छ चौका र दई छक्काको सहायताले ६० रन बनाएका हुन् । आन्द्रेस गौसले ३० रन बनाए भने मिलिन्ड कुमारले २२ र जसदीप सिंहले १६ रन बनाए । कप्तान मोनांक पटेल र आरोन जोन्स तीन-तीन र सैतेजा मुक्कामल्ला दुई रनमा आउट भएका थिए ।

नेपालका लागि दीपेन्द्रसिंह ऐरीले तीन विकेट लिए भने करण केसी, रिजन ढकाल र गुल्सन झाले समान एक-एक विकेट लिए । त्यसअघि टस हारेर ब्याटिङ गरेको नेपालले निर्धारित २० ओभरमा नौ विकेट गुमाउदै एक सय ६४ रनको योगफल बनाएको थियो । कप्तान रोहित पौडेलले सर्वाधिक ४९ रनको योगदान दिए । उनले ३३ बलमा चार चौका र एक छक्कासहित सर्वाधिक ४९ रन बनाएका हुन् । अर्का खेलाडी दीपेन्द्रले १७ बलमा दुई चौका र एक छक्कासहित २८ रन बनाए । आसिफ शेख र अनिल साहले समान २७-२७ रन बनाए भने गुल्सन झाले ११ तथा कुशल भुर्तेलले १० रन जोडेका थिए ।



अमेरिकाका हरम्रीत सिंह, सौरभ नेत्रवालकर र जसदीप सिंहले समान दुई विकेट लिए भने अली खान र नोष्थुश केङ्जिगेले एक-एक विकेट लिए । अमेरिका र नेपालबीच तीन ट्वान्टी २० खेल आयोजना हुनेछन् । त्यसपछि दुवै टोली आईसिसी पुरुष क्रिकेट विश्वकप लिग-२ मा सहभागी हुनेछन् ।

**सन्दीपले पाए अमेरिकाको भिसा**

सन्दीप लामिछानेलाई अमेरिकाले भिसा दिएको छ । नेपाल क्रिकेट संघ (क्यान) ले सन्दीपले अमेरिकाको भिसा प्राप्त गरेको र शुक्रबार अमेरिका गएका छन् ।

यस अघि राष्ट्रिय क्रिकेट टिमसँगै क्यानडा टुरमा गएका सन्दीप अमेरिकाको भिसा नभएका कारण नेपाल फर्किएका थिए ।

भिसा प्राप्त गरेपछि अब सन्दीपले आइसीसी विश्वकप लिग-२ को अमेरिका र स्कटल्याण्डविरुद्धको सिरिज खेल्न पाउने भएका छन् ।

# गण्डकी हिरोज बनेर एनपिएल खेल्ने मौका

**पोखरा (प्रस)–** नेपाल प्रिमियर लिगको फ्रेन्चाईज टिम पोखरा एभेन्जर्सले गण्डकी हिरोजका लागि खुल्ला दर्खास्त आह्वान गरेको छ । गण्डकी प्रदेशबाट ट्यालेन्ट हन्टको रूपमा खुल्ला गरिएको छनोटबाट पोखरा एभेन्जर्सले गण्डकी हिरोज टिमका लागि खेलाडी छनोट गर्ने बताएको छ ।

स्थानीय क्रिकेट र युवा खेलाडीको विकासका लागि पोखरा एभेन्जर्सले गण्डकी हिरोजको अवधारणा अघि सारेको छ । पोखरा एभेन्जर्स अन्तर्गत रहने गण्डकी हिरोजले स्थानीयसँगै प्रदेश स्तरबाट विभिन्न प्रतियोगितामा वर्षभरीनै प्रशिक्षण र प्रतिस्पर्धामा सहभागी हुनेछ । फ्रेन्चाईज क्रिकेटमार्फत घरेलु क्रिकेट विकासमा ठोस योगदान गर्ने उद्देश्यले गण्डकी हिरोजको अवधारणामा कामगरिएको पोखरा एभेन्जर्सका अध्यक्ष सुबोध त्रिपाठीले बताए । 'गण्डकीको प्रतिनिधित्व गर्दै गण्डकी हिरोज घरेलु क्रिकेटमा वर्षभरीनै क्रियाशिल रहन्छ । स्थानीय खेलाडीमा योगदान गर्न सकियोस् भनेर ग्रासरुट विकासको योअवधारणामा काम गरेका हौं,' उनले भने ।

खुल्ला छनोटबाट गण्डकी हिरोजमा उत्कृष्ट ५ खेलाडी छानिनेछन् । छनोट भएका खेलाडीलाई पोखरा एभेन्जर्सको बन्द प्रशिक्षणमा समावेश गर्नेछ । छनोटबाट आएका उत्कृष्ट ५ मध्य एक जनाले आईकोनिक खेलाडीको रूपमा गण्डकी प्रदेशको प्रतिनिधित्व गरिरहेको पोखरा एभेन्जर्सबाट एनपिएल खेल्ने अवसर प्राप्त



उत्तरी चीनको तियानजिनमा रहेको गोल्डेन स्ट्रिट व्यापारिक क्षेत्रमा पर्यटक। गोल्डेन स्ट्रिट, तियानजिनको बिन्जियाङ रोड र हेपिङ रोडको क्रसिङमा केन्द्रित शताब्दी पुरानो व्यापारिक क्षेत्र हो जसलाई यस नगरपालिकाको आधुनिक व्यापारिक सभ्यताको उद्गमस्थल भनेर चिनिन्छ। सरकारद्वारा सञ्चालित नवीकरण र स्तरोन्नति प्रयासका कारण यसले नागरिक र पर्यटकहरूमाझ लोकप्रियता हासिल गरेको छ। *तस्बिरः सिन्ह्वा*

# इजरायली प्रधानमन्त्रीद्वारा हमास प्रमुख सिनवारको मृत्यु पुष्टि





**तेल अभिभ–** प्यालेस्टिनी इस्लामिक लडाकु समूह (हमास) का प्रमुख तथा गत वर्ष अक्टोबर ७ मा भएको भयानक आक्रमणका मुख्य योजनाकार याहचा सिनवारको मृत्यु भएको इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतन्याहूले बिहीबार राति पुष्टि गरेका छन्।

प्रधानमन्त्री नेतन्याहूले आफ्ना सहयोगीलाई हमास प्रमुखको मृत्युबारे इजरायली बन्धकका परिवारलाई जानकारी दिन पनि निर्देशन दिएका छन्। अमेरिकी उपराष्ट्रपति कमला ह्यारिसले हमास प्रमुखको मृत्यु 'न्यायिक' भएको बताएकी छन्। 'हमासले इजरायलका लागि निम्त्याएको खतरालाई निर्मूल पार्नुपर्छ,' अर्को महिना हुने अमेरिकी राष्ट्रपतीय चुनावका लागि डेमाक्र्याटिक उम्मेदवार ह्यारिसले भनिन्, 'परिणामस्वरूप विश्वले सुरक्षित महसुस गर्न सक्ने छ र पीडितका परिवारले राहत महसुस गर्ने छन्।'

इजरायली रक्षा बल (आइडिएफ) ले गाजामा आफ्नो कारबाहीका क्रममा तीनजना हमास लडाकु मारिएको पुष्टि गरेको थियो। इजरायली आक्रमणमा मृत्यु भएका तीन लडाकुमध्ये एक हमासका प्रमुख याहचा सिनवार भएको बताइएको छ।

आइडिएफले एक्समा एक पोस्ट सेयर गर्दै लेखेको छ, 'गाजामा आइडिएफ अपरेसनको क्रममा तीन जना मारिएका थिए। आइडिएफ र आइएसएले आतंकवादीमध्ये एक याहचा सिनवार भएको सम्भावनाको वैज्ञानिक पुष्टि गर्न आवश्यक जाँच भइरहेको छ।' मंगलबार आइडिएफ र शिन बेट सुरक्षा निकायले अक्टोबर ७ मा भएको आक्रमणमा सहभागी हमासका तीन 'आतंककारी' हालैका दिनमा भएका हवाई आक्रमणमा मारिएको जनाएको छ।

इजरायलले लेबनानमा गरेको हवाई आक्रमणमा हिजबुल्लाहका अर्का उच्च पदस्थ नेता हसन नसरल्लाहको मृत्यु भएको केही हप्तापछि यो घटना भएको हो। यसअघि हमासका अर्का वरिष्ठ नेता इस्माइल हनियाको इरानमा मृत्यु भएको थियो। तेहरान र हमासले हनियाको मृत्यु भएको घटनामा आक्रमणको आरोप इजरायलमाथि लगाए पनि इजरायलले न त यो आरोप स्वीकारेको छ न त अस्वीकार नै गरेको छ।

हालै आइडिएफले गाजामा हमास सरकारका प्रमुख राउही मुश्ताहा र हमासको राजनीतिक ब्युरोमा सुरक्षा जिम्मेवारी सम्हालेका समेह अल सिराजसहित हमासका उच्चपदस्थ अधिकारीहरूको मृत्यु भएको जनाएको थियो। टाइम्स अफ इजरायलका अनुसार मंगलबार आइडिएफले जाबालियामा भएको हवाई आक्रमण र भिडन्तमा हमासका करिब २० जना लडाकु मारिएको जनाएको छ।

इजरायली सेनाका अनुसार युद्धका क्रममा सेनाले एउटा हतियार डिपो र अन्य हतियार पनि फेला पारी नष्ट गरेको छ। सेनाले भनेको छ, 'यो अभियान आवश्यक भएसम्म जारी रहने छ र योजनाबद्ध रूपमा आक्रमण र त्यस क्षेत्रमा रहेका आतंकवादी संरचनालाई पूर्णरूपमा नष्ट गरिने छ।' सोमबार आइडिएफले उत्तरी गाजाका बेइट हनौन, जबालिया र बेइट लहियाका प्यालेस्टिनीहरूलाई गाजाको दक्षिणमा रहेको इजरायलद्वारा निर्दिष्ट मानवीय क्षेत्रमा स्थानान्तरण गर्न आदेश दिएको टाइम्स अफ इजरायलले जनाएको छ। *रासस/एएफपी*

# पाकिस्तानमा चर्कियो विद्यार्थी प्रदर्शन



**लाहोर–** पाकिस्तानमा विद्यार्थी प्रदर्शन चर्किएको छ। सोही कारण देशको सबैभन्दा बढी जनसंख्या भएको पञ्जाब प्रान्तका अधिकारीहरूले शुक्रबारका लागि सबै शैक्षिक संस्थाहरू बन्द गराए।

पूर्वप्राथमिक तहदेखि विश्वविद्यालय तहसम्म समावेश गरिएको बन्दले पूर्वी पञ्जाब प्रान्तमा वयस्क विद्यार्थीका अतिरिक्त लगभग दुई करोड ६० लाख बालबालिका प्रभावित भएका छन्। प्रान्तीय राजधानी लाहोरमा 'पञ्जाब कलेज फर वुमेन' को एक भवनको पार्किङस्थल (भुइँतला)मा एक छात्रामाथि बलात्कार भएको समाचार सामाजिक सञ्जालमा फैलिएपछि प्रदर्शन सुरु भएको हो।

प्रहरी, कलेज र प्रान्तीय सरकारले कुनै पनि पीडित अगाडि नआएको र अनलाइनमा आएको गलत सूचनालाई आधार मानेर आन्दोलित नहुन सर्वसाधारणलाई आग्रह गरेका छन्।

त्यसपछि लाहोरका साथै राजधानी इस्लामावादसँग जोडिएको रावलपिण्डी सहरका क्याम्पसहरूमा प्रदर्शनहरू फैलिएका छन् र विद्यार्थीहरूले अधिकारीहरूले यसलाई ढाकछोप गरेको आरोप लगाएका छन्। रावलपिण्डीका वरिष्ठ प्रहरी अधिकारी सैयद खालिद महमुद हमदानीले बिहीबार सहरमा भएको प्रदर्शनमा तोडफोड र आगजनी गरेको आरोपमा ३८० जनालाई पक्राउ गरिएको र अनुसन्धान जारी रहेको बताएका छन्।

उनले एएफपीसँग भने, 'हामी सामाजिक सञ्जालबाट हिंसात्मक गतिविधिमा संलग्न व्यक्तिको खोजी गर्नेछौं।' पञ्जाबको शिक्षा र आन्तरिक विभागले बिहीबार अबेर राति तीन छुट्टाछुट्टै सूचना जारी गर्दै सबै शैक्षिक विभागहरू बन्द गर्न आदेश दिएको थियो। प्रान्तीय आन्तरिक मामिला मन्त्रालयले पनि शुक्रबार र शनिबार भेला हुन प्रतिबन्ध लगाएको छ।

रावलपिण्डीमा बिहीबार प्रदर्शन गरिरहेका १९ वर्षीय एक विद्यार्थीले भने, 'उनीहरूले आफ्नो संस्थाको साख जोगाउनका लागि सत्यलाई ढाकछोप गर्न सरकार र उच्च अधिकारीहरूलाई घूस दिएका छन्।' यी प्रदर्शनहरूले पाकिस्तानी विद्यार्थीहरूको सुरक्षा, उत्पीडन र कलेजहरूमा महिलाहरूमाथि हुने यौन दुर्व्यवहारका साथै अधिकारीप्रतिको अविश्वासप्रति गहिरो चिन्ता व्यक्त गर्दछ।

प्रदर्शनकारीहरूले लाहोरस्थित क्याम्पसहरूमा झ्यालहरू तोडफोड गर्नुका साथै विद्यालयका सवारीसाधन (स्कुल बस) हरूमा आगजनी गरेका छन्। प्रदर्शनका क्रममा कयौं स्थानमा विद्यार्थी र प्रहरीबीच झडपसमेत भएको छ। प्रहरीले अनलाइन पोस्टमा पहिचान गरिएको भन्दै एक सुरक्षा गार्डलाई पक्राउ गरेको छ तर कुनै पनि पीडित अगाडि नआएको र उनीहरूले बलात्कारको आरोप पुष्टि गर्न नसकेको बताएका छन्।

लाहोरका निजी पञ्जाब ग्रुप अफ कलेजका निर्देशक आरिफ चौधरीले बुधबार आयोजित पत्रकार सम्मेलनमा भने, 'वास्तवमा यो घटनासँग सम्बन्धित कोही पनि व्यक्ति भेटिएको छैन।'

उनले भने, 'म राजीनामा दिन्छु र यो पेसा त्यागेर यदि घटना घटेको भने म विद्यार्थीको साथमा उभिने छु।' सो प्रान्तकी मुख्यमन्त्री मरियम नवाज सरिफले गलत पोस्ट फैलाउनेलाई दण्डित गरिने बताएकी छन्। *रासस/एएफपी*

# सुनको मूल्य प्रतिआउन्स २७०० डलरभन्दा माथि



**हङकङ–** व्यापारीहरूले सुनलाई सुरक्षित सम्पत्तिको स्रोतको रूपमा सुनलाई लिएपछि शुक्रबार सुनको मूल्य प्रतिआउन्स दुई हजार ७०० अमेरिकी डलरभन्दा माथि पुगेको छ।

इजरायलले हमासका प्रमुख याहचा सिनवारको हत्या गरेको बताएपछि मध्यपूर्वलगायत क्षेत्रमा बढ्दो भूराजनीतिक अनिश्चितताका बीच व्यापारीहरूले सुनलाई सुरक्षित सम्पत्तिको रूपमा कारोबार गर्दा यसको मागमा आएको वृद्धिले सुनको भाउ ह्वात्तै बढेको हो। एसियाली बजारमा शुक्रबार सुनको प्रारम्भिक मूल्य दुई हजार ७०४.८९ अमेरिकी डलरको सर्वकालिक उच्च बिन्दुमा पुगेको थियो। बिहीबार सुनको मूल्य प्रतिआउन्स दुई हजार ६८८.८३ डलर कायम भएको थियो।

इजरायलले गाजामा हमास र हालै दक्षिणी लेबनानमा हिजबुल्लाहसँग लडिरहेको बेला मध्यपूर्वको संकटलाई लिएर सुन बजार प्रभावित भएको हो। केन्द्रीय बैंकहरूले ब्याजदर घटाउने उपाय अपनाउँदा यस वर्षको सुरुदेखि नै सुनको मूल्यमा ३० प्रतिशतको हाराहारीमा वृद्धि हुन पुगेको थियो। मूल्यमा देखिएको निरन्तरको वृद्धिले गर्दा सुन लगानीकर्ताका लागि थप आकर्षक सम्पत्ति बनेको छ। युक्रेनमा लामो समयदेखि चलिरहेको युद्धका बारेमा चिन्ताले व्यापारीहरूमा सुरक्षित लगानीको चाहना बढ्नुलाई स्वाभाविक मानिएको छ। *रासस/एएफपी*

# फ्रान्समा आप्रवासी बोकेको डुंगा डुब्दा एक बालकको मृत्यु, ६५ जनाको उद्धार

**फ्रान्स–** फ्रान्सको सामुद्रिक तटबाट च्यानल हुँदै बिहीबार राति भारबहन क्षमताभन्दा बढी आप्रवासी लिएर बेलायततर्फ गइरहेको एउटा डुंगा डुब्दा उक बालकको मृत्यु भएको फ्रान्सेली अधिकारीहरूले शुक्रबार बताएका छन्। अधिकारीका अनुसार डुंगा फ्रान्सेली सहर विसान्टमा दुर्घटना भएको थियो भने उद्धारकर्मीले अन्य ६५ जनालाई सकुशल उद्धार गरेका छन्।

पछिल्लो डुंगा दुर्घटनासँगै यस वर्ष च्यानल पार गर्ने प्रयास गर्दा ज्यान गुमाउने आप्रवासीहरूको संख्या कम्तीमा ५२ पुगेको छ। सन् २०१८ पछिको सबैभन्दा धेरै रेकर्ड हो। उक्त स्थानमा गत सेप्टेम्बर ३ मा पाँच जना बालबालिका र पाँच जना वयस्कहरूको मृत्यु भएको स्रोतले जनाएको् छ। त्यसको एक महिनापछि सामुद्रिक च्यानलको मार्ग हुँदै जोखिमपूर्ण यात्राका क्रममा ओभरलोड भएका डुंगा दुर्घटनामा पर्दा एक जना बालक तथा तीन वयस्कको मृत्यु भएको जनाइएको छ।

बेलायतको सरकारी तथ्यांकअनुसार यस वर्ष आप्रवासी डुंगामा खतरनाक यात्रा गरी बेलायत पुग्ने आप्रवासीहरूको औसत संख्या ५३ रहेको छ। बेलायतको गृह मन्त्रालयको तथ्यांकअनुसार यस वर्ष जनवरी १ देखि हालसम्म २६ हजारभन्दा बढी आप्रवासीहरू समुद्र पार गरी बेलायती तटमा आइपुगेका छन्। *रासस/एएफपी*

# भारतीय प्रधानमन्त्री मोदीले रूसको भ्रमण गर्ने

**नयाँदिल्ली–** भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी आगामी साता सुरू हुने ब्रिक्स शिखर सम्मेलनमा भाग लिन मस्को जाने नयाँदिल्लीले शुक्रबार जानकारी गराएको छ। ब्रिक्स पाँच प्रमुख उदीयमान अर्थव्यवस्थाहरूः ब्राजिल, रुस, भारत, चीन र दक्षिण अफ्रिकालाई जोड्नेगरी तयार पारिएको संक्षिप्त रूप हो।

वासिङ्टन र अन्य पश्चिमी सहयोगीहरूसँग नजिकको सुरक्षा साझेदारीको बावजुद भारतको मस्कोसँग लामो समयदेखि सुमधुर रहँदै आएको छ। मस्को र पश्चिमा मुलुकहरूसँगको सन्तुलित सम्बन्धका कारण भारतले युक्रेनमा रूसी युद्धको विरोध गरेको छैन। यसको सट्टा जारी द्वन्द्वको शान्तिपूर्ण समाधानको मध्यस्थता



गर्न मध्यस्थकर्ताको रूपमा भारतले आफूलाई प्रस्ताव गरेको छ। भारतीय विदेश मन्त्रालयले भोल्गा नदीको किनारमा रहेको कजान सहरमा हुने शिखर सम्मेलनमा भाग लिन मोदी अक्टोबर २२ र २३ मा रुस जाने जनाएको छ। गत जुलाईमा मस्कोको भ्रमण गरेका प्रधानमन्त्री मोदीको यो उकै वर्षमा हुन लागेको दोस्रो रूस भ्रमण हो।

रूस भारतका लागि तेल र हतियारको महत्त्वपूर्ण आपूर्तिकर्ता हो तर मस्को पश्चिमबाट अलग्गिनु र बेइजिङसँगको बढ्दो सम्बन्धका कारण नयाँदिल्लीसँगको रूसको साझेदारी प्रश्नचिह्न खडा भएको छ। युक्रेन युद्धले भारतलाई परम्परागतरूपमा यसको सबैभन्दा ठूलो आपूर्तिकर्ता रूसको सट्टा हतियारका लागि अन्य स्रोतहरू खोज्न बाध्य पारेको छ।

युरोपमा परम्परागत खरिदकर्ताहरूले छोडेको आवश्यक निर्यात बजारका लागि भारत रूसी कच्चा तेलको एक विश्वसनीय प्रमुख क्रेता बनेको छ। यसले नाटकीय रूपमा उनीहरूको आर्थिक सम्बन्धलाई पुनःसंरचना गरेको छ, भारतले मस्कोको युद्ध कोषलाई बलियो बनाउन अर्बौं डलर योगदान गरेको छ।

सन् २००९ मा ब्राजिल, रूस, भारत, चीन र दक्षिण अफ्रिका गरी पाँच सदस्य राष्ट्रको प्रारम्भिक अक्षरबाट स्थापित यस संगठनमा इरानलगायत मध्यपूर्वका देशहरूलाई पनि समेटिएको छ। रुसी राष्ट्रपति भ्लादिमिर पुटिनका विदेश नीति सहयोगी युरी उशाकोभले यसै महिना सम्मेलनमा २४ देशका नेता सहभागी हुने बताएका थिए। *रासस/एएफपी*


## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५। स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५। लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६। सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६। ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मलः स्टेशनरी– गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७। B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी–विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१–४२७६५३०, फ्याक्सः०१–४२७१३२२। दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१–४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट –९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१– ४२२४१८१, ०१– ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १६४४०० | प्रति तोला – ० | प्रति तोला – १९८० |



**मखमली फूल्यो बारीमा...** | दाङको घोराही उपमहानगरपालिका–१४ झिंगौरामा वीरेन्द्र खड्काले तिहारलाई लक्षित गरेर व्यववसायिकरूपमा गरेको मखमली फूलखेती । उनले लामो समयदेखि फूलखेती गर्दै आएका छन् । *तस्बिरः सुशीला ओली/रासस*

## काबेली करिडोर प्रसारणलाइनको पुनर्निर्माण धमाधम

■ प्रभाव संवाददाता

**काठमाडौं–** इलामको माईखोला आएको बाढीले क्षति पुऱ्याएको काबेली करिडोर एक सय ३२ केभी डबल सर्किट प्रसारण लाइनको पुनःनिर्माण धमाधम भइरहेको छ ।

नेपाल विद्युत् प्राधिकरण र काबेली करिडोर प्रसारण लाइनमा विद्युत् जोडिएका निजी क्षेत्रका २० जलविद्युत् आयोजनाले संयुक्त रूपमा प्रसारण लाइन पुनःनिर्माण तथा पुनःस्थापनाको काम गरिरहेका छन् । प्रसारण लाइन पुनःनिर्माण तथा पुनःस्थापना तिहारअघि नै सम्पन्न गर्ने गरी काम भइरहेको जनाइएको छ ।

प्राधिकरणले प्रसारण लाइनका पाटपूर्जालगायतका सामग्रीहरू उपलब्ध गराएको छ । निजी क्षेत्रका जलविद्युत् आयोजनाले श्रम लागतलगायतका खर्च बेहोरहेका छन् । यसका लागि प्रत्येक आयोजनाले निश्चित रकम योगदान गरेका छन् । प्राधिकरण र निजी क्षेत्रले संयुक्त रूपमा नमुनाका रूपमा पुनःनिर्माण अगाडि बढाएका हुन् । निजी क्षेत्रले ऊर्जा उद्यमी मोहन कार्कीको नेतृत्वमा टोली खटाएका छन् ।

गत असोज १२ गते शनिबार माईखोलामा आएको बाढीले काबेली करिडोर प्रसारण लाइनअन्तर्गत इलामको माई नगरपालिका वडा नम्बर १ र ७ धोद्रेबेंसीमा ४ वटा टावरमा क्षति पुऱ्याएको थियो । ताप्लेजुङ, पाँचथर र इलाममा सञ्चालनमा रहेका २० वटा जलविद्युत् आयोजनाहरूको करिब २०० मेगावाट विद्युत् प्रवाह हुने काबेली प्रसारण लाइनमा क्षति पुगेपछि १२ असोजबाट उक्त आयोजनाहरूबाट विद्युत् उत्पादन बन्द छ ।

काबेली करिडोर प्रसारण लाइनअन्तर्गत इलामको गोदकबाट झापाको दमकसम्मको खण्डको धोद्रेबेंसीमा ५०, ५१, ५२ र ५३ नम्बर टावरमा बाढीका कारण क्षति पुगेको थियो । उक्त स्थानबाट प्रसारण लाइनलाई माईखोला पार गराएको थियो । उक्त स्थानमा प्रसारण लाइनको स्पान साढे सात सय मिटर रहेको छ ।

चारवटा टावरमध्ये बाढीले ५१ र ५२ नम्बर टावरलाई पूर्ण रूपमा क्षति पुर्याएको थियो । अहिले पूर्ण रूपमा क्षति पुर्याएको टावरको जग हाल्ने काम भइरहेको छ । टावरका सम्पूर्ण पाटपूर्जाहरू निर्माणस्थलमा ढुवानी भइसकेको छ । साथै ५० र ५३ नम्बर टावरमा आंशिक क्षति पुगेको थियो । ५० नम्बर टावरको टुप्पोको संरचनामा क्षति पुगेको थियो । ५३ नम्बर टावरको क्रस आर्म र टुप्पोको संरचनामा क्षति पुगेको थियो । दुवै टावरको मर्मत सकिएको छ ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले शुक्रबार पुनःनिर्माणस्थलको अनुगमन गरी तोकिएकै समयमा काम सम्पन्न गर्न आवश्यक सहयोग र सहजीकरण गर्ने प्रतिबद्धता जनाएका छन् ।

अर्थ मन्त्रालयको तीन महिने प्रगति

## अर्थतन्त्रमा सुधारदेखि 'कन्ट्री क्रेडिट रेटिङ'सम्मका प्रगति

■ प्रभाव संवाददाता

**काठमाडौं–** अर्थ मन्त्रालयले नयाँ सरकार गठन भएको तीन महिनामा भएका महत्वपूर्ण काम कारबाहीको विवरण सार्वजनिक गरेको छ । अर्थ मन्त्रालयले सार्वजनिक गरेको विवरणमा मुलुकको अर्थतन्त्र सुधारका लागि सुझाव दिन उच्चस्तरीय आर्थिक सुधार आयोग गठन, आन्तरिक राजस्व परिचालन रणनीतिको कार्यान्वयन, कन्ट्री क्रेडिट रेटिङको तयारी पूरादेखि सङ्घीय संसद्मा विधेयक पेससम्म उल्लेख छ ।

अर्थ मन्त्रालका प्रवक्ता महेश भट्टराईले अर्थतन्त्रमा चुनौती रहेपनि पहिलेको तुलनामा सुधार आइरहेको बताए । प्रवक्ता भट्टराईले तीन महिनामा निजी क्षेत्रको आत्मविश्वास बढेको, गत वर्षको यसै अवधिको तुलनामा पुँजीगत खर्च र राजस्व संकलन बढेको, ब्याजदर कम भएको, निजी क्षेत्रतर्फ प्रवाहित कर्जा वृद्धि भएको, पुँजी बजार चलायमान भएको, विदेशी मुद्रा सञ्चिति बढेको, रेमिट्यान्स वृद्धि भएको जानकारी दिए । पुँजीगत खर्च गत वर्षको यसै अवधिको तुलनामा ६५ प्रतिशतले वृद्धि भएको छ भने राजस्व संकलन गत वर्षको यसै अवधिको तुलनामा १३ प्रतिशतले वृद्धि भएको छ ।

यसैगरी विदेशी मुद्राको सञ्चिति हालसम्मको उच्च रु २१ खर्ब ५२ अर्ब रहेको छ । विप्रेषण १५ प्रतिशतले वृद्धि भएको छ भने ब्याजदर घटेर औसत छ दशमलव १५ प्रतिशत कायम भएको छ ।

अर्थ मन्त्रालयले बजेट कार्यान्वयन गर्न ७३ बुँदे मार्गदर्शन जारी गरी बजेट कार्यान्वयनलाई थप प्रभावकारी बनाएको जनाइएको छ । बजेट कार्यान्वयनलाई थप प्रभावकारी बनाउन बजेट कार्यान्वयन कार्ययोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ । यसबाट हालसम्मको चालु, पुँजीगत तथा समग्र खर्चमा उल्लेख्य सुधार ल्याउन सहयोग पुगेको विवरणमा उल्लेख छ । मुलुकको समग्र अर्थतन्त्र सुधारको लागि उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोग गठन गरी अध्ययन कार्य प्रारम्भ गरिएको जनाइएको छ ।

त्यस्तै राजस्व चुहावट नियन्त्रण गर्न केन्द्रीय द्रुत गस्ती टोली गठन गरी परिचालन गरिएको छ । अन्तर्राष्ट्रिय स्वतन्त्र विज्ञ संस्थाबाट नेपालको सार्वभौम साख मूल्यांकन (क्रेडिट रेटिङ) को कार्य अगाडि बढाइ प्रतिवेदन प्राप्त गर्ने चरणमा छ ।

यसैगरी, नयाँ बीमा नियमावली, २०८१ तर्जुमा गरी मन्त्रिपरिषद्मा पेस भएको छ । साना तथा मझौला सङ्गठित संस्थाको धितोपत्र निष्काशन तथा कारोबारसम्बन्धी नियमावली, २०८१ मन्त्रिपरिषद्मा पेस गरिएको छ । आन्तरिक राजस्व परिचालन रणनीति,२०८१ स्वीकृत गरी कार्यान्वयनमा आइसकेको छ ।

मन्त्रालयले भन्सार मूल्यांकनलाई यथार्थ कारोबार मूल्यमा आधारित बनाउन रणनीति तयार गरी लागू गरिएको छ । भन्सार महसुल नियमावली, २०८१ तर्जुमा गरी मन्त्रिपरिषद्मा पेस भएको छ । यसबाट भन्सार प्रक्रिया थप सरलीकृत हुने अर्थमन्त्रालयले जनाएको छ । त्यस्तै, यस अवधिमा सार्वजनिक संस्थानमा ऋण तथा लगानीसम्बन्धी नीति तर्जुमा गरी मन्त्रिपरिषद्मा पेस भएको छ । आन्तरिक ऋण निष्काशन तथा व्यवस्थापन कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याइएको छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को संशोधन विधेयक सङ्घीय संसद्मा पेस गरिएको छ ।

तातोपानी भन्सार कार्यालयमा लगेज तथा भेहिकल स्क्यानर मेसिनको प्रयोग सुरु गरिएको छ भने वीरगञ्ज भन्सार कार्यालय, भैरहवा भन्सार कार्यालय र नेपालगञ्ज भन्सार कार्यालयमा ल्याब मोड्युल सुरु गरिएको विवरणमा उल्लेख छ ।

भन्सार प्रज्ञापनपत्रको मुख्यमुख्य चरणको जानकारी निकासी तथा पैठारीकर्तालाई ईमेलमार्फत जानकारी गराउने प्रणाली सुरु भएको छ । नागरिक बचतपत्र र वैदेशिक रोजगार बचतपत्रको अभौतिकीकरण कार्य भएको, आन्तरिक नियन्त्रण प्रणाली दिग्दर्शन,२०८१ तर्जुमा गरी स्वीकृतिका लागि मन्त्रिपरिषद्मा पेस गरिएको जनाइएको छ ।

हस्तान्तरण मूल्यसम्बन्धी निर्देशिका, २०८१ तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको अर्थ मन्त्रालयले जनाएको छ वार्षिक रु २५ करोडभन्दा बढीको कारोबार गर्ने चार सयभन्दा बढी करदाताको कारोबारलाई केन्द्रीय बिजक अनुगमन प्रणालीमा आबद्ध गरिएको छ ।

अन्तःशुल्क चुहावट नियन्त्रणका लागि मदिरा, वियर, चुरोट, सुर्तीजन्य वस्तु, इनर्जी ड्रिंक्स र जुसको व्यावसायिक उत्पादन गर्ने एक सय भन्दा बढी उद्योग प्रतिष्ठानको स्थलगत निरीक्षण तथा अनुगमन गरिएको छ । बहुवर्षीय ठेक्का प्रक्रियालाई थप व्यवस्थित र कार्यान्वयन योग्य बनाउन पहल गरिएको छ । योजनाको प्राथमिकीकरण गरी बजेट विनियोजन तथा कार्यन्वयनलाई थप प्रभावकारी बनाउने कार्य भएको छ । दोस्रो वित्तीय क्षेत्र रणनीति निर्माणको कार्य प्रारम्भ भएको छ ।

साथै विवरणमा विकास सहायतासम्बन्धी नयाँ नीति तर्जुमाको कार्य भइरहेको, नयाँ बजेट तर्जुमा दिग्दर्शन तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको, वर्तमान सरकार गठन भएको दुई महिनापछि विश्व बैंक, एसियाली विकास बैंक, आइएमएफलगायतले नेपालको अर्थतन्त्र सुधारोउन्मुख भएको प्रतिक्रिया दिएको समेत उल्लेख छ ।

## भक्तपुरमा ढकमक्क मखमली र सयपत्री

**भक्तपुर–** भक्तपुरका गाउँगाउँमा ढकमक्क फूल फुलेका छन् । व्यावसायिक रूपमा गरिएको सयपत्री र मखमली फूल फुलेर ढकमक्क हुँदा गाउँ यहाँका फाँटहरू राताम्मे देखिएका छन् भने यसले नजिकिँदो तिहारको झल्को दिइरहेको छ ।

व्यावसायिक फूलखेती गरिएको भक्तपुरका बस्तीमात्रै हैन, अधिकांश गाउँघर एवं टोलटोलका आँगनमा समेत मखमली र सयपत्री फूल लहरै झुलेका छन् । तिहार नजिकिँदै गरेपछि व्यावसायिक फूलखेती गर्नेलाई भने यतिखेर फूल टिपेर माला उन्न र व्यवस्थापन गर्न भ्याइनभ्याइ छ । काठमाडौं उपत्यकामै सबैभन्दा बढी व्यावसायिक फूलखेती गर्ने सूर्यविनायक नगरपालिका-७ गुण्डुका घरघर, टोलटोल यतिखेर राताम्मे बनेका छन् भने फूल टिप्न र माला गाँसेर बजार पुऱ्याउनसमेत भ्याइनभ्याइ हुन थालेको छ ।

मखमली र सयपत्री फूलखेतीबाट राम्रो आम्दानी हुने भएपछि अधिकांश किसानमात्रै होइन फूलखेती गर्नकै लागि जग्गा भाडामा लिएर यहाँ बस्ती सरेर आउनेहरू पनि उत्तिकै रहेका सूर्यविनायक नगरपालिका नगरपालिका-७ गुण्डुका वडाध्यक्ष रवीन्द्र सापकोटा बताउँछन् । नगरपालिकाले केही वर्षयता स्थानीयलाई व्यावसायिक फूलखेती गर्न ७० प्रतिशत अनुदानमा बीउसमेत वितरण गर्दै आएको उनले जानकारी दिए । 'यस वर्ष मात्रै सयपत्रीका



५५ हजार बिरुवा वितरण गरेका थियौं । राम्रो आम्दानी हुने भएपछि धान खेतदेखि मकैबारी, भिरालो जमिन, खेतको आली तथा डिलमा फूल लगाउने प्रचलन बढ्दैछ । हाल जताततै फूलले ढकमक्क बनेको देखिन्छ । एकैपटक दोहोरो आम्दानी हुने भएकाले यसतर्फ किसानको आकर्षण बढेको हो', नगरपालिकाका प्रवक्ता सापकोटाले भने ।

स्थानीय कृषक मीना नगरकोटी जेठमा रोपेको मखमली फूल भदौदेखि कात्तिकसम्म टिप्न सकिने र फूल सप्रेमा एक सिजनमा एक रोपनी जग्गाको उत्पादनबाट रु एक लाखसम्म आम्दानी गर्न सकिने बताउँछिन् । स्थानीय फूल उत्पादक कृषक एवं पुष्प व्यवसायी अनिता बस्नेतले यतिखेर किसानलाई फूल टिप्न भ्याइनभ्याइ भएको बताइन् । 'एक रोपनी जग्गामा मखमलीका पाँच हजार माला उन्न सकिने र एउटा मालाको यसवर्ष रु २५ मा बिक्री हुँदा पनि एक लाखको कारोबार हुने छ', उनले भनिन्, 'मखमली फूल र माला लिन गाउँमै व्यापारी आउने गरेपछि किसानलाई सजिलो भएको छ ।'

सयपत्री फूल एक मुठाको रु १० देखि १५ मा बिक्री हुने गरेको छ भने तिहारमा चारपाथी अट्ने ढ्वाङमा हालेर एक ढ्वाङको रु छ सयमा बिक्री हुँदै आएको व्यवसायीले बताएका छन् । भक्तपुरमा गुण्डु, सिपाडोल, चित्तपोल, ताँथली, सुँडाल, वागेश्वरीलगायत ठाउँमा अहिले व्यावसायिक फूलखेती भइरहेको छ । *रासस*

## मञ्जुश्री फाइनान्स र बुद्ध एयरबीच सम्झौता

**काठमाडौं (प्रस)–** मञ्जुश्री फाइनान्स लिमिटेड र बुद्ध एयरलाईन्सबीच भएको सम्झौता बमोजिम मञ्जुश्री फाइनान्सका ग्राहकवर्ग एबम् कर्मचारीहरूलाइ बुद्ध एयरलाईन्सको सम्बन्धित काउन्टरबाट टिकट खरिद गर्दा ८ प्रतिशतसम्म छुट दिनुको साथै छूटको लाभ लिने ग्राहकबर्गले बुद्ध एयरको सम्बन्धित काउन्टरमा गइ आफ्नो मोबाइल बैंकिंग एप अथवा डेबिट कार्ड मार्फत भुक्तानी गर्नुपर्नेछ ।



ग्राहकवर्ग तथा कर्मचारीको सुविधालाई ध्यानमा राख्दै मञ्जुश्री फाइनान्सले सो सम्झौता गरेको छ । छुटसम्बन्धी समझदारीमा फाइनान्सको तर्फबाट प्रमुख व्यापार अधिकृत गणेश खत्री तथा बुद्ध एयरलाईन्सको तर्फबाट मार्केटिंग सेल्स डाईरेक्टर रूपेश जोशीले हस्ताक्षर गरेका छन् ।

यस मञ्जुश्री फाइनान्सको हाल २७ वटा शाखा संचालनमा रहेका छन् । कुल २१ अर्ब निक्षेप संकलन गरि करीब १७ अर्ब कर्जा प्रबाह गरेको यस फाइनान्सले, आफ्ना ग्राहकलाई सर्वोत्कृष्ट सेवा तथा आकर्षक ब्याजदर समेत प्रदान गरिरहेको व्यहोरा सम्पूर्णमा जानकारी गराउँछौं ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ